# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ८१ | काठमाडौं | शुक्रबार, २८ असार २०८१ | Prabhab National Daily | Friday, July 12, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


सन्दर्भ: वैदेशिक रोजगार

## केयर गिभरका लागि आवेदन दिने म्याद थपियो

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार विभागले इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा पठाइने नेपाली सहायक कामदार (केयर गिभर)का लागि माग गरेको आवेदन दिने म्याद थप गरेको छ। विभागले असार ११ गते एक सूचना जारी गर्दै साउन १ गतेसम्म आवेदन दिने समय तोके पनि पुनः सूचना निकाल्दै साउन ११ गतेसम्म आवेदन दिन सकिने गरी म्याद थप गरेको हो।




विभागले नेपालीहरूको लागि आकर्षक गन्तव्य मानिएको इजरायलमा केयर गिभरमा काम गर्न जान ८०० जनाको कोटा आएको भन्दै गत असार ११ गते आवेदन दिन आह्वान गरेको थियो। जसमा ५०० जना मुख्य र ३०० जना वैकल्पिक उम्मेवारको रूपमा छनोट गरिने उल्लेख थियो।

अंग्रेजी भाषा परीक्षाको जाँच दिइसकेपछि परिणाम प्राप्त गर्न समय लाग्ने भएकाले ब्रिटिस काउन्सिलबाट लिइने परीक्षाका लागि साउन १ गतेभित्र आफ्नो नाम र विवरणसहित दर्ता प्रणालीमा रजिस्ट्रेसन गराइसक्नुपर्ने विभागले उल्लेख गरेको छ। केयर गिभरका लागि यो पटक ब्रिटिस काउन्सिलबाट फाउण्डेसन इंग्लिस टेस्ट (एफइटी)मा कम्तीमा ए २ तहको अंग्रेजी भाषा परीक्षा पास गरेको प्रमाणपत्र अनिवार्य गरिएको छ। यसअघि इजरायल जाने केयर गिभरले जुनसुकै निकायबाट अंग्रेजी भाषा परीक्षा पास भएको प्रमाणपत्र पेस गरे पनि विभागले मान्यता दिँदै आएको थियो।

इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा बच्चा, युवा तथा ६५ वर्ष ननाघेका गम्भीर अपांगता भएका व्यक्तिको हेरचाह तथा स्याहार गर्न नेपालबाट केयर गिभर माग भएको विभागले जनाएको छ। केयर गिभरमा छनोट हुनेले मासिक पाँच हजार ८८० सेकेल इजरायली मुद्रा अर्थात् दुई लाख १० हजार रूपैयाँभन्दा बढी पारिश्रमिक पाउने छन्। छनोटमा परेका कामदारको करार अवधि सुरुमा एक वर्ष र बढीमा पाँच वर्ष थप हुने विभागले जनाएको छ। यसअघि पनि नेपालबाट केयर गिभरमा काम गर्न झण्डै १२ सय नेपाली इजरायल गइसकेको विभागको तथ्यांकले देखाएको छ।

यद्यपि विभागले इजरायलको लागि केयर गिभरमा आवेदन दिने म्याद थप गर्नुमा समयाभाव वा भाषा परीक्षको कारण नभई उच्च अदालतमा परेको मुद्दालाई लिइएको विभागका एक अधिकारीले बताए। उनका अनुसार विभागले केयर गिभरको आवेदन माग गरेलगत्तै इजरायल युद्धग्रस्त मुलुक भएकाले सुरक्षा चुनौती रहेकोले यसलाई रोक्नुपर्ने भन्दै विभिन्न अधिकारवादी संस्था र अभियन्ताहरूले उच्च अदालतमा मुद्दा दायर गरेका थिए।

'मुद्दाको किनारा नलागेसम्म आवेदन लिने कुरा भएन,' उनले भने, 'केही दिनअघि (असार २४ गते) उच्च अदालतले केयर गिभरमा जानबाट रोक्नु नपर्ने आदेश दिएपछि पुनः म्याद थप गरी आवेदन माग गरिएको हो।' अब कुनै अवरोध नभएका कारण केयर गिभरमा जान इच्छुक नेपाली नागरिकले प्रक्रिया पूरा गरी आवेदन दिनसक्ने ती अधिकारीले बताए।

## हवाई भाडासम्बन्धी बोलपत्र आह्वान

**काठमाडौं (प्रस)–** रोजगारपत्र अनुमति प्रणाली (इपिएस) मार्फत दक्षिण कोरिया जाने नेपाली कामदारका लागि हवाई भाडासम्बन्धी बोलपत्र आह्वान गरिएको छ। वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले काठमाडौंदेखि कोरियाको सिओलसम्म जाने एकतर्फी हवाई भाडासम्बन्धी बोलपत्र आह्वान गरेको हो।

हाल कोरियन एयरलायन्सले एकलौटीरूपमा इपिएसमार्फत कोरिया जाने नेपाली कामदारहरूको उडान भर्दै आएको छ। पछिल्लो समय कोरियन एयरसँग गरिएको एक वर्षे सम्झौता सकिन लागेपछि बोलपत्र आह्वान गरिएको शाखाले जनाएको छ। बोलपत्र विद्युतीय माध्यमबाट ३१ दिनभित्र इपिएस कोरिया शाखामा पेस गरिसक्नुपर्ने छ। बोलपत्र वापतको शुल्कको लागि २० हजार रूपैयाँ दस्तुर तोकिएको छ। त्यसका लागि तीन करोड ८५ लाख रूपैयाँको धरौटी रकम माग गरिएको छ।

(क्रमशः पृष्ठ २ मा)



# पाँचौंपटक विश्वासको मत परीक्षणमा प्रधानमन्त्री दाहाल

- धारा १०० अनुसार आज विश्वासको मत लिँदै प्रधानमन्त्री दाहाल
- माओवादी, रास्वपा र एकीकृत समाजवादीको गरी ६३ सांसदको मात्रै समर्थन पाउने सम्भावना
- कांग्रेस, एमाले, जसपा, जसपा नेपाल, जनमत, लोसपा र नाउपा गठबन्धनमा

■ जेबी योञ्जन

**काठमाडौं–** नेपाली कांगेस र नेकपा एमालेले गठबन्धन गरेपछि सत्ताबाट बहिर्गमन हुन लागेका प्रधानमन्त्री पुष्पकमल दाहालले आज संसद्मा विश्वासको मत लिँदै छन्। विश्वासको मतका लागि प्रतिनिधिसभा बैठक बिहान ११ बजे बस्नेगरी आह्वान भएको छ।

हाल उनी नेतृत्वको सरकारमा उनको दल नेकपा माओवादी केन्द्रसँगै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नेकपा एकीकृत समाजवादी गरी तीन दलमात्रै छन्। संसद्मा माओवादीको ३२, रास्वपाको २१ र एकीकृत समाजवादीको १० गरी जम्मा ६३ जनामात्रै सांसद छन्। दाहालले यी दलबाहेक अन्य दलका सांसदको मत पाउने सम्भावना कम छ।

तर, माओवादी सांसद माधव सापकोटा अन्य दललाई पनि प्रधानमन्त्री दाहालले आजको संसद् बैठकमा विश्वासको मत माग्ने बताउँछन्। 'प्रधानमन्त्री पुष्पकमल दाहालले सरकारको निरन्तरताका लागि कांग्रेस, एमाले, वा अन्य दललाई पनि विश्वासको मत माग्नुहुन्छ। दिने नदिने उहाँहरूको कुरा रहयो,' उनले प्रभावसँग भने। माओवादी केन्द्रले विश्वासको मत दिन पार्टीका सांसदहरूलाई ह्वीप (निर्देशन) जारी गरिसकेको छ।

यही १९ असारमा एमाले सरकारलाई दिएको समर्थन फिर्ता लिँदै बाहिरिएपछि प्रधानमन्त्री दाहालले संविधानको धारा १०० अनुसार विश्वासको मत लिन लागेका हुन्। तर, उनले विश्वासको मत पाउने सम्भावना अत्यन्तै न्यून रहेको जानकारहहरू बताउँछन्। संसद्को विश्वास प्राप्त गर्न २७५ सदस्यीय संसद्मा १३८ सांसदको समर्थन पाउनुपर्छ।

(क्रमशः पृष्ठ २ मा)

## गुम्दो विश्वास

प्रधानमन्त्री पुष्पकमल दाहालले संसदमा पाँचौंपटक विश्वासको मत लिँदै छन्। पहिलोपटक उनले २६ पुस २०७९ मा विश्वासको मत लिएका थिए। त्यसबेला उनले २७५ सांसदमध्ये २६८ जनाको समर्थन पाएका थिए। यो प्रधानमन्त्री दाहालका लागि अभूतपूर्व विश्वासको मत थियो।

एमालेसहितका दलहरूसँग गठबन्धन भए पनि त्यसबेला कांग्रेसले समेत विश्वासको मत दिएको थियो। एमाले गठबन्धनबाट हटेपछि ५ चैत २०७९ मै दोस्रोपटक विश्वासको मत दाहालले लिए। त्यसबेला उनले १७२ जना सांसदको मत पाए। कांग्रेससहितका केही दल सत्ता गठबन्धनमा सामेल भए। ३० फागुनमा एमालेसहितको सत्ता गठबन्धन बनेपछि दाहालले विश्वासको मत त पाए तर घट्यो।

(क्रमशः पृष्ठ २ मा)

## अदालत जाने संकेत

प्रधानमन्त्री पुष्पकमल दाहालले बहुमतका आधारमा नभई संसद्को ठूलो दलले सरकार नबने अदालत जाने संकेत गरेका छन्। नयाँ गठबन्धनका नेताहरूले पनि बहुमतको सरकार बनाउन आह्वान नगरिए कानुनी उपचारको बाटो खुला रहेको बताइरहेका छन्।

प्रतिनिधिसभामा नेपाली कांगेस सबैभन्दा ठूलो दल र एमाले दोस्रो ठूलो दल हो। माओवादी केन्द्रले संविधानको धारा ७६ को उपधारा ३ अनुसार कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बन्ने दाबी गर्दै आएको छ। आफूलाई धोका दिएकाले ओलीलाई प्रधानमन्त्री बन्नबाट रोक्ने पक्षमा दाहाल छन्। त्यही भएर स्पष्टरूपमा अल्पमतमा देखिँदा पनि दाहालले सदनमा विश्वासको मत लिन लागेका हुन्। उनले बिहीबार बसेको मन्त्रिपरिषद् बैठकमा आफूले प्रतिनिधिसभा बैठकमा आज विश्वासको मत लिने औपचारिकरूपमा जानकारी दिए।

(क्रमशः पृष्ठ २ मा)




# भद्रकाली मन्दिरका सत्तल पुनर्निर्माण गरिँदै

**काठमाडौं–** राणाकालमा सिंहदरबार निर्माण सम्पन्न भएपछि बाँकी रहेको सामग्री प्रयोग गरेर बनाइएको भद्रकाली मन्दिरको सत्तल पुनर्निर्माण गरिने भएको छ । २०७२ वैशाख १२ गतेको भूकम्पअघि नै जीर्ण बनेको सत्तल पुनर्निर्माण गर्न लागिएको हो ।

सत्तलको दक्षिणी भागको एउटा भवनबाट पुनर्निर्माण सुरु गर्ने गरी बिहीबार काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले शिलान्यास गरिन् । तीन वर्षमा ३४ करोड ७० लाख रूपैयाँको लागतमा निर्माण गरिने सत्तलको शिलान्यास गर्दै उनले धार्मिक तथा ऐतिहासिक सम्पदा पुनर्निर्माण गर्न राजनीतिकरूपमा सबैको सहयोग आवश्यक पर्नेमा जोड दिए ।

महानगरपालिका सांस्कृतिक, ऐतिहासिक, धार्मिक पक्ष जीवित राख्ने गरी यहाँका सम्पदा पुनर्निर्माणमा जुटेको उपप्रमुख डंगोलले बताइन् । वसन्तपुर दरबार क्षेत्रको आगम्छे घर पुनर्निर्माणका लागि पनि महानगरपालिकाले पहल गर्ने उनले योजना सुनाइन् ।

राणा प्रधानमन्त्री चन्द्रशमशेर राणाले सिंहदरबार पुनर्निर्माण गराएपछि बाँकी रहेको निर्माण सामग्रीले सत्तल बनाएको भनिए पनि कति सालमा बनाइएको भन्ने प्रमाण कतै नभेटिएको गुठी संस्थानले जनाएको छ । करिब १०० वर्षअघि बनेको भवन २०७२ वैशाख १२ गतेको भूकम्पअघि नै जीर्ण बनेको थियो । गुठी संस्थान केन्द्रीय लगत तथा अभिलेख शाखा कार्यालय रहेको भवन भूकम्पपछि टेकोकाभरमा अडचाइएको थियो ।

महानगरपालिका पर्यटन तथा संस्कृति समितिका संयोजक एवं वडा नं ८ का वडाध्यक्ष आशामान संगतले महानगरको ठूला योजनामध्येमा पर्ने गरी भद्रकाली मन्दिरको सत्तल पुनर्निर्माण गर्न लागिएको जानकारी दिए । सत्तल पुनर्निर्माण गर्न आवश्यक सामान व्यवस्थापनको काम गर्न पुरातत्त्व विभाग र गुठी संस्थानले गरिदिनुपर्नेमा उनले जोड दिए ।

महानगरपालिका-११ का वडाध्यक्ष हीरालाल तण्डुकारले अहिलेजस्तो छ, सत्तल त्यही स्वरूपमा पुनर्निर्माण हुने बताए । सम्पदा पुनर्निर्माणका क्रममा अवलोकन गरेर तत्कालीन समयमा जस्तो मिलेनमिलेको समयमै जानकारी गराउन उनले पुरातत्त्व विभागलाई आग्रह गरे ।

महानगरपालिका-२२ का वडध्यक्ष चिनीकाजी महर्जनले भद्रकाली महादेवको तेस्रो आँखाको रूपमा उत्पत्ति भएको विश्वास गरिने उल्लेख गर्दै न्युरोड क्षेत्रका ५०० परिवारले भद्रकाली मन्दिरको संस्कृतिलाई सुरक्षित गरिराखेको बताए । महानगरपालिका-२१ का वडध्यक्ष उदयचुडामणि बज्राचार्य, गुठी संस्थानका सहप्रशासक वैकुण्ठप्रसाद रेग्मी, स्थानीयकातर्फबाट पुनर्निर्माण समितिका संयोजक गौतम डंगोललगायतले भद्रकाली राजगुठीअन्तर्गतको मन्दिर भएको उल्लेख गर्दै आर्थिक अभाव भएकाले महानगरले पुनर्निर्माण गर्न लागेको बताएका थिए । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### पाँचौंपटक विश्वासको...

दाहाल र उनी नेतृत्वको सत्ता गठबन्धनमा रहेका रास्वपा र एकीकृत समाजवादीको गरी ६३ मात्रै रहेकाले विश्वासको मत पाउने सम्भावना देखिँदैन । जबकि कांग्रेस र एमालेको मात्रै सांसद संख्या १६७ हो । त्यसमध्ये एक जना सभामुख (एमाले) र एक जना निलम्बित (एमाले सांसद टोपबहादुर रायमाझी) छन् । त्यसो गर्दा सरकार गठनका लागि समर्थन जनाउन सक्ने सांसद संख्या १६५ हो । यो भनेको सरकार गठनका लागि आवश्यकताभन्दा अधिक बहुमत हो । अर्थात् १९ जना सांसद दुईतिहाइ बहुमतका लागि आवश्यक हो । यत्तिका संख्यामा सांसद भए संविधान संशोधन सम्भव हुन्छ ।

समाचार तयार पार्दासम्म कांग्रेस-एमाले कित्तामा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल, अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा), डा. सिके राउत नेतृत्वको जनमत पार्टी, महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी र रञ्जिता श्रेष्ठ चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टी जान सकारात्मक छन् ।

जसपा नेपालको पाँच, जसपाको सात, जनमतको छ, लोसपा र नाउपाको समान चार-चार सांसद छन् । यी पाँच दलको सांसद संख्या २६ छ । यी दलहरूले प्रधानमन्त्री दाहाललाई विश्वासको मत नदिएर कांग्रेस-एमाले कित्तामा उभिए प्रचण्ड बहुमत हुने छ । कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले प्रधानमन्त्री दाहालले विश्वास गुमाउने निश्चित रहेको दाबी गरे । उनका अनुसार दुई तिहाइभन्दा बढी मत कांग्रेस-एमाले गठबन्धनलाई प्राप्त हुने बताए ।

'प्रधानमन्त्री प्रचण्डजीले विश्वास परीक्षण गर्ने भन्नुभएको छ । तर, उहाँले विश्वासको मत पाउने सम्भावना नै छैन । किनभने दुई तिहाइ बहुमत उहाँको विपक्षमा छ,' उनले भने । राप्रपाले पनि कांग्रेस-एमाले गठबन्धनलाई विश्वासको मत दिनसक्ने सम्भावना रहेको छ । किनभने यी दुई मिलेर बनेको गठबन्धनप्रति राप्रपा सकारात्मक छ । संसद्मा यस दलका १४ जना सांसद छन् ।

राप्रपा उपाध्यक्ष बुद्धिमान तामाङका अनुसार राष्ट्रिय एकताको प्रतीकको रूपमा राजा राख्ने र हिन्दूराष्ट्र पुनःस्थापना गर्ने सन्दर्भमा कांग्रेस-एमाले तयार सरकारमै सहभागी हुनेगरी विचार गर्न सकिन्छ । हालसम्म सरकारमै जानेबारे भने टुंगो लागिनसकेको उनले बताए ।

यदि, विश्वासको मत नपाए दाहाल आजदेखि कमजोर प्रतिपक्षीय भूमिकामा जाँदै छन् । उनी प्रतिपक्षी दलको नेता हुने छन् । संसद्को पहिलो दल कांग्रेस र दोस्रो दल एमालेबीचको सत्ता सहकार्य दाहाल र उनी नेतृत्वको माओवादीका लागि निकै चर्को पर्ने विश्लेषण भइरहेको छ । देशमा दुई दलीय प्रणालीको बहस गर्ने कांग्रेस-एमालेका नेताहरूको हप्तौं लामो प्रयासपछि सत्ता सहकार्य हुन लागेको हो । दुई दल मिलेर चुनावसम्मै गठबन्धनमा रहे त्यसले हरेक चुनावमा कमजोर देखिँदै अन्ततः अस्तित्व रक्षाका लागि संघर्ष गर्नुपर्ने अवस्थामा माओवादी पर्ने टिप्पणीसमेत भएको छ ।

### अदालत जाने...

मन्त्रिपरिषद् बैठकमा प्रधानमन्त्री दाहालले भनेका छन्, 'संसद्मा जे परिणाम आए पनि सामना गरिन्छ ।' 'शुक्रबार मैले संसद्मा विश्वासको मत लिने कार्यक्रम छ । सरकारमा भएका दलहरू एकजुट भएर सामना गर्नुपर्ने हुन्छ,' दाहालको भनाइ उद्धृत गर्दै सरकारकी प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले भनिन्, 'संविधानको व्यवस्थाअनुसार प्रधानमन्त्रीज्यूले विश्वासको मत लिन खोज्नुभएको हो ।'

हाल माओवादी, रास्वपा र एकीकृत समाजवादीसहित १२ सदस्यीय मन्त्रिपरिषद् छ । कांग्रेस एमालेको गठबन्धन बनेपछि प्रतिनिधिसभाको अंक गणितको आधारमा सरकार अल्पमतमा परिसकेको छ । दाहालले संसद्बाट विश्वासको मत लिन लिनुको पछाडि सरकारमा निर्माणमा संविधानको धारा ७६ को उपधारा ३ मा लग्ने दाउ रहेको कांग्रेस- एमालेका नेताहरूले आरोप लगाउने गरेका छन् । दाहालले बिहीबार माओवादी संसदीय दलका बैठकमा धारा ७६ को उपधारा २ कि ३ मा जाने भन्ने विषय राष्ट्रपति रामचन्द्र पौडेलको विवेकमा भरपर्ने बताएका थिए । धारा ७६ को उपधारा ३ मा ठूलो दलको हैसियतले सरकारको दाबी गर्ने प्रावधान छ ।

२०७९ को आमनिर्वाचनपछि तीन गठबन्धनको प्रधानमन्त्री भएका दाहालले डेढ वर्ष सरकारको नेतृत्व गर्ने मौका पाए । निर्वाचन परिणाम आएपछि चुनावमा कांग्रेससँग गठबन्धन त्यसपछि एमाले, राष्ट्रपति कसलाई बनाउने सम्बन्धमा कुरा नमिलेपछि फेरि कांग्रेस, सरकार सञ्चालनमा कांग्रेससँग विवाद भएपछि गत फागुनमा एमालेसँग सत्ता समीकरण बनाएका थिए । असार १८ मा कांग्रेस र एमालेबीच नयाँ गठबन्धन बनेपछि दाहाल सरकार अल्पमतमा परेको छ । दाहालले संसद्बाट आफूले विश्वासको मत नपाए संघर्षका लागि तयारीमा रहन सांसदहरूलाई निर्देशन दिए ।

### गुम्दो विश्वास...

उनले त्यसबेला १५७ जना सांसदको समर्थन पाए । यसपछि सरकारबाट उपेन्द्र यादवको दल जसपा नेपाल बाहिरिएसँगै ७ जेठमा १५७ जना सांसदकै विश्वासको मत पाए । तर, आज भने उनले ६३ जना सांसदको मात्रै समर्थन पाउने देखिएको छ । एक जना प्रधानमन्त्रीका रूपमा दाहाल क्रमशः डेढ वर्षको अवधिमा सदनको विश्वास गुमाउँदै अन्ततः प्रतिपक्षी कित्तामा पुग्ने देखिएको छ ।

### हवाई भाडासम्बन्धी...

आवेदन दिँदा सीधा उडानको हवाई भाडादर र ट्रान्जिट उडानको भाडादर बराबर हुन आएमा सीधा उडानलाई प्राथमिकता दिइने शाखाले उल्लेख गरेको छ । एचआरडी कोरियाबाट उडान तालिकाका लागि नामावली प्राप्त भएका व्यक्तिहरूलाई सम्झौता दरमा नबढ्नेगरी हवाई टिकट (खानासहित) उपलब्ध गराउनुपर्ने सर्त राखिएको छ । हाल कोरियन एयरलायन्सले ८९५ अमेरिकी डलरमा काठमाडौंदेखि सिओलसम्म सीधा उडानमार्फत कामदार पुर्‍याउँदै आएको छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६२/०४/३१ मा दर्ता भएको **प्रा.लि. नं. ३५७८४** को **कान्तिपुर आयल एण्ड ग्यास स्टोर प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
प्रथम पटक प्रकाशित मिति २०८१/०३/२८

यस कम्पनीको मिति २०७९/०४/०७ मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **एभरेष्ट शेर्पा एविपडिशन प्रा.लि. (प्रा.लि. नं. २८९०४६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०४/११ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एभरेष्ट शेर्पा एक्सपिडिसन प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
दोस्रो पटक प्रकाशित मिति २०८१/०३/२८

यस कम्पनीको मिति २०८१/०२/२७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **सन मुन अटो केयर प्रा.लि. (प्रा.लि. नं. १३२८५८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०२/३१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **आर.के. अटो मोबाइल्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**अधिकृत वारिसनामा बदर गरिएको सूचना**

लिखितम अधिकृत वारिसनामा दिनेका नाम हरिप्रसाद सिंखडाकी छोरी निलकण्ठ न्यौपानेकी श्रीमति गोरखा जिल्ला फुजेल गा.वि.स वडा नं. ५ को परिवर्तित गण्डकी गा.पा. वडा नं. ३ बस्ने बर्ष ५७ की राधा न्यौपाने (ना.प्र.नं. ३६५५१, मिति २०४१/२/१८, जि.प्र.का. गोरखा) आगे मेरो नाममा मालपोत कार्यालय डिल्लीबजारमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १६ नक्सा सिट नं. ०९०८३२२ को कि.नं. ११३ क्षे.फ. २१२.६१ ब.मी. जग्गा तथा घर समेत यस अघि सहकार्य बहुउदेशीय सहकारी संस्था लि. मा ऋण धितो राखी रोक्का रहेकोमा सो रोक्का फुकुवा भएपश्चात उक्त कित्ता जग्गा तथा घर समेत म आफै सम्बन्धित मालपोत कार्यालय डिल्लीबजारमा उपस्थित भई मेरो जग्गा तथा घर समेत बिक्री वितरण हक हस्तान्तरण गर्नुपर्नेमा म मेरो काम विशेषले उपस्थित हुन नसक्ने हुदाँ मेरो सट्टा ऐनले तोकेको अधिकृत वारिस दिन हुने मेरो मानिस गणेश बहादुर बुढाथोकीको नाती आत्माराम बुढाथोकीको छोरा का.जि.का.म.न.पा. वडा नं. १६ बस्ने बर्ष ३० को कल्याण बुढाथोकी (ना.प्र.नं. २७१०६०/४२०८७, मिति २०६६/३/३), जि.प्र.का. काठमाडौं) लाई मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा ४२५ (१) र मुलुकी देवानी कार्यबिधि (संहिता) ऐन २०७४ को दफा १५३(२), ऐ. दफा १५४ (१) बमोजिम श्री काठमाडौं जिल्ला अदालतको माननिय जिल्ला न्यायधिशज्यूको रोहवरमा सहीछाप गरी माननिय जिल्ला न्यायधिशज्यूबाट अधिकृत वारेशनामा प्रमाणित गराई तपाई अधिकृत वारेश कल्याण बुढाथोकीलाई मिति २०८० साल चैत्र महिना ०८ गते विहिवारको दिन वारिसनामा मुकरर गरेकोमा उक्त वारेशनामाको औचित्य नभएकोले मुलुकी देवानी कार्यविधि सहिता, २०७४ को दफा १५५ (१) (ग) बमोजिम आजका मितिदेखि अधिकृत वारिसनामा बदर गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको नाम परिवर्तनको सूचना**
**दोश्रो पटक प्रकाशित मिति : २०८१/०३/२८**

यस अप्टिग्मा मेड केयर प्रा.लि.को (अप्टिग्मा मेड केयर फार्मेसी प्रा.लि.) प्रा.लि. नं.२४०११३ को मिति २०७७१०१३ गतेको वार्षिक/विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम यस कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋणधन कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरि **अप्टिग्मा मेड केयर फार्मेसी प्रा.लि. (Optigma Med Care Pharmacy Pvt. Ltd.)** कायम गरिएको र उक्त नाम परिवर्तनको निर्णय श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७७/०३/१५ गते अभिलेख समेत भैसकेको व्यहोरा सबैको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
तेस्रो पटक प्रकाशित मिति २०८१/०२/२८

यस कम्पनीको मिति २०८०/११/२४ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **मालिका बाल विद्यालय कंचनपुर प्रा.लि. (प्रा.लि. नं. ३८५५८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०३/१८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **मालिका पब्लिक एकेडेमी कंचनपुर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा २०७९/०६/०७ मा दर्ता भएको प्रा.लि.नं. २९९९६९ को **टाइगर फुड प्रोडक्टस एण्ड प्याकेजिङ्ग प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०६/१५ मा दर्ता भएको **प्रा.लि. नं. ११६६२७** को **समृद्धि एग्रिकल्चर एण्ड रिसर्च सेन्टर प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा २०७४/१२/३० मा दर्ता भएको प्रा.लि.नं. १८७६१४ को **तरङ्ग पेपर प्रोडक्ट्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

दावी विरोध सम्बन्धी
**वैदेशिक रोजगार विभाग, काठमाडौंको**
**सूचना**
**तेस्रोपटक प्रकाशित मितिः २०८१/०३/२८**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री दिस सेन्टर ओभरसिज प्रा.लि (ई.प.नं.८५/०५३/०५४) को** साविकको नाम परिवर्तन गरी **श्री इन्टरनेशनल ट्रेड लिङ्कस् रिक्रुटमेन्ट प्रा.लि.** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका **श्री Global Recruitment Group Pvt. Ltd. (इ.प.न. १५३५/०७८/७९)** संचालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिस गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित मितिले ३५ (पैंतीस) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| साविकको शेयरधनी नाम/शेयर संख्या | अब कायम हुने शेयरधनी नाम/शेयर संख्या |
|---|---|
| १. श्री राम कुमार बस्नेत (कि.नं. ०१- ५,०००)<br>२. श्री अर्जुनराज अधिकारी (कि.नं. ५,००१-५०,०००) | १. श्री हरिबहादर क्षेत्री (कि.नं. ०१- ५०,०००) |


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

असार २८ गते २०८१, शुक्रबार

| | |
|---|---|
| मेष | कमजोरी र थकानले काममा मन नलाग्न सक्छ । |
| वृष | आफ्नो कामकुराका निमित्त समय दिन खोजिनेछ । |
| मिथुन | समयअनुसारका काममा ध्यान दिनुपर्ने बेला छ । |
| कर्कट | नयाँ रोजगारीको सम्भावना छ । |
| सिंह | दैनन्दिन काममा सक्रिय हुन खोजिनेछ । |
| कन्या | सहजता विचार्दै आफूलाई अघि सारिनेछ । |
| तुला | कुनै-कुनै कुरामा सम्झौता गर्नुपर्ने हुन्छ । |
| वृश्चिक | काम कसरी सहज हुन्छ आफैंले विचार गर्नुपर्नेविभिन्न |
| धनु | व्यक्तित्वसित चिनजान गर्ने मौका मिल्नेछ । |
| मकर | विभिन्न माध्यमबाट अपेक्षित सहयोग पाइनेछ । |
| कुम्भ | परिस्थिति विचार्दै अघि बढ्नु उचित हुनेछ । |
| मीन | सुझबुझले काम सल्टाउनु उचित हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार २८ गते, २०८१, १२ जुलाई, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.२४ | १३३.८४ |
| युरो | १ को | १४२.९५ | १४३.५९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.७१ | १६९.४७ |
| स्विस फ्रैन्क | १ को | १४९.१७ | १४९.८४ |
| अस्ट्रेलियन डलर | १ को | ८८.५४ | ८८.९४ |
| क्यानाडियन डलर | १ को | ९७.४० | ९७.८४ |
| सिँगापुर डलर | १ को | ९८.४७ | ९८.९१ |
| जापानी येन | १० को | ८.३५ | ८.३९ |
| चिनियाँ युआन | १ को | १८.३५ | १८.४४ |
| साउदी अरब रियाल | १ को | ३५.५२ | ३५.६८ |
| कतारी रियाल | १ को | ३६.५५ | ३६.७१ |
| थाई भाट | १ को | ३.६३ | ३.६५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२८ | ३६.४४ |
| मलेसियन रिङेट | १ को | २८.२८ | २८.४१ |
| दक्षिण कोरियन वन | १०० को | ९.६० | ९.६४ |
| स्विडिस क्रोनर | १ को | १२.६९ | १२.७५ |
| डेनिस क्रोनर | १ को | १९.१६ | १९.२५ |
| हङकङ डलर | १ को | १७.०७ | १७.१४ |
| कुवेती दिनार | १ को | ४३४.४२ | ४३६.३७ |
| बहराइन दिनार | १ को | ३५३.४५ | ३५५.०५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट धधध।लचदायचन।लउ मा उपलब्ध हुनेछ ।

# निर्वाचन आयोगको रणनीतिक योजना तयार




**काठमाडौँ (प्रस)–** निर्वाचन आयोगले निर्वाचन व्यवस्थापनका क्रममा हालसम्मका रणनीतिक योजनाको समीक्षा गर्दै चौथो रणनीतिक योजना–२०८१/८२ को मस्यौदा तयार गरेको छ।

आयोगले उक्त मस्यौदामा सुझाव दिन सार्वजनिक सूचनामार्फत सर्वसाधारणलाई आह्वान गरेको हो। नेपालको संविधान, निर्वाचन व्यवस्थापनसम्बन्धी कानुन तथा अन्तर्राष्ट्रिय मापदण्डका आधारमा स्वच्छ, स्वतन्त्र, निष्पक्ष, समावेशी र विश्वसनीय निर्वाचनका लागि आयोगलाई सक्षम र सुदृढ तुल्याउने ध्येयले आर्थिक वर्ष २०६५/६६ देखि पञ्चवर्षीय योजना लागू भएको थियो। हाल तेस्रो आवधिक रणनीतिक योजना कार्यान्वयनमा छ।

हालसम्मका रणनीतिक योजनाको कार्यान्वयनबाट प्राप्त अनुभव, राजनीतिक दल तथा सरोकारवालासँग विभिन्न समयमा गरिएका छलफल, विश्लेषण, समीक्षा र अन्तर्क्रियाबाट प्राप्त सुझावका आधारमा मस्यौदा तयार गरिएको आयोगका प्रवक्ता रघुराम विष्टले जानकारी दिए। उक्त मस्यौदालाई उन्नत बनाउन आगामी साउन ७ गतेभित्र आयोगको सचिवालयमा प्राप्त हुनेगरी सुझाव दिन आयोगले आग्रह गरेको छ।

# स्रोत नखुलेको ३८ लाखसहित एक जना पक्राउ

**काठमाडौँ (प्रस)–** काठमाडौँ महानगरपालिका–२२ सुन्धाराबाट स्रोत नखुलेको ३८ लाख रूपैयाँसहित एक जना पक्राउ परेका छन्। चितवन भरतपुर महानगरपालिका–१५ गणेशटोल निवासी ४८ वर्षीय माधव श्रेष्ठलाई पक्राउ गरिएको हो। जिल्ला प्रहरी परिसर काठमाडौँबाट खटिएको प्रहरीले उनलाई उक्त नगदसहित पक्राउ गरेको जनाएको छ। साथै प्रहरीले बा प्र २०४८ प ८१३० नम्बरको स्कुटर र एक थान मोबाइल पनि बरामद गरेको छ।

यसैबीच, बैंकिङ कसुर मुद्दामा फरार प्रतिवादी काठमाडौँ महानगरपालिका–७ कुमारीगाल बस्ने ५२ वर्षीय मणिराम पौडेललाई प्रहरीले पक्राउ गरेको छ। बैंकिङ कसुर मुद्दामा जिल्ला अदालत काठमाडौँबाट २०८१ असार १२ गते पक्राउ अनुमति जारी भई फरार रहेका उनलाई काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले काठमाडौँ महानगरपालिका कुमारीगालबाट पक्राउ गरेको हो। निजलाई प्रहरी वृत्त गौशालाले हिरासतमा लिएर अनुसन्धान थालेको केन्द्रीय प्रहरी समाचारकक्षले जनाएको छ।

## मन्त्रिपरिषद्को निर्णय

# सामाजिक सुरक्षाभत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य नगर्ने

**काठमाडौँ (प्रस)–** सरकारले सामाजिक सुरक्षाभत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णय स्थगित गर्ने भएको छ। सिंहदरबारमा बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले प्राकृतिक विपत्का कारण राष्ट्रिय परिचयपत्र बनाउन असहज भएकाले तत्कालका लागि राष्ट्रिय परिचयपत्र लागू नगर्नेगरी पहल गर्न गृह मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको हो।

बैठकको निर्णयबारे सञ्चारकर्मीलाई जानकारी दिँदै सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सरकारले मुलुकमा विभिन्न स्थानमा वर्षा, बाढी र पहिरोका कारण सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने नागरिकलाई राष्ट्रिय परिचयपत्र बनाउन असहज परिस्थिति सिर्जना भएकाले तत्कालका लागि राष्ट्रिय परिचयपत्र लागू नगर्ने निर्णय भएको बताइन्।

'सामाजिक सुरक्षासम्बन्धी सेवा प्रदान गर्न राष्ट्रिय परिचयपत्र लागू गर्ने निर्णय भएकामा मुलुकमा विभिन्न स्थानमा वर्षा, बाढी र पहिरोका कारण सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने नागरिकलाई राष्ट्रिय परिचयपत्र बनाउन असहज परिस्थिति सिर्जना भएकाले तत्कालका लागि राष्ट्रिय परिचयपत्र लागू नगर्नेगरी पहल गर्न गृह मन्त्रालयलाई निर्देशन दिने निर्णय भएको छ,' सञ्चारमन्त्री शर्माले भनिन्।

यसअघि सरकारले राजपत्रमा एक सूचना प्रकाशित गरी सबै प्रकारका सार्वजनिक सेवा लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको थियो। मन्त्रिपरिषद् बैठकले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोगको कार्यावधि २०८२ असार मसान्तसम्म थप गर्ने निर्णय गरेको छ। बैठकले दुवै आयोगको म्याद थप गर्न बाधा अड्काउ फुकाउको आदेश नेपाल राजपत्रमा प्रकाशन गर्ने निर्णय गरेको सञ्चारमन्त्री शर्माले बताइन्।

बैठकले स्थानीय तह राजस्व व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०८१ र सरकारी कोषको नगद व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरेको छ। साथै बैठकले नेपाल सरकार र चीन सरकारबीच हस्ताक्षर हुने 'स्ट्रेन्थनिङ द डेभलपमेन्ट कोअपरेसन इन बिल्डिङ द ट्रान्स हिमालयन मल्टि डाइमेन्सनल कनेक्टिभिटी नेटवर्क' विषयक समझदारीपत्र स्वीकृत गरेको सञ्चारमन्त्रीले बताइन्।

बैठकले यसअघि २०८० माघ १८ गतेको मन्त्रिपरिषद्को निर्णयअनुसार गठन गरिएको कार्यदलले पेस गरेको फौजदारी न्याय प्रशासन सुधार अध्ययन तथा सुझाव प्रतिवेदन सार्वजनिक गर्ने र प्रतिवेदनले औंल्याइएका सुझाव कार्यान्वयन प्रक्रियामा लैजान कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउने निर्णय गरेको छ। बैठकले आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठानको सिफारिसमा हुम्लु जातिलाई जनजातिमा सूचीकृत गर्ने निर्णयसमेत गरेको छ।

## Free Visa!! Free Ticket!!
## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : THE GATHERING FOR RESTURANT MANAGEMENT**

पूर्व स्वीकृति मिति २०७९/१२/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/२७ | LT. No. 283270 | चलानी नं. ६०१९८६४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 15 | 15 | 140 | ६०,४८६ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Chef de Partie | 10 | 0 | 180 | ७७,७६७ | | | | | | | |
| 3 | CLEANER/STEWARD | 20 | 10 | 100 | ४३,२०४ | | | | | | | |
| 4 | Cook/Commi | 25 | 5 | 135 | ५८,०९५ | | | | | | | |
| 5 | Waiter | 15 | 15 | 120 | ५१,८४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८१ साउन ४ गते (19th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**सेवा शुल्क:** नि:शुल्क/-

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**VISION & VALUE OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194839, 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : MODISH UNITED READYMADE CLOTHS COMPANY**

पूर्व स्वीकृति मिति २०८०/१२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/२७ | LT. No. 303171 | चलानी नं. ६०१८६७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ceaner | 3 | 4 | 90 | ३८,९४५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 160 | ६९,२३५ | | | | | | | |
| 3 | VENDOR / SALES | 5 | 10 | 135 | ५८,४१७ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८१ साउन ४ गते (19th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Supreme Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-32, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ARABIAN BEVERAGE CO. LTD.**

पूर्व स्वीकृति मिति २०८०/०६/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/२७ | LT. No.293686 | चलानी नं. ६०२०८८०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Distributor Driver | 25 | 0 | 180 | ७७,६०० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Distributor Helper | 25 | 0 | 95 | ४०,९५५ | | | | | | | |
| 3 | Labour | 25 | 0 | 85 | ३६,६४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८१ साउन ४ गते (19th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**SUPREME OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा २०७९/०५/२० मा दर्ता भएको प्रा.लि.नं. २९८२७२ को **जय नेपाल रियलस्टेट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **DULSCO HUMAN RESOURCES PVT. LTD.** (ई.प.नं. ५००/०६१/०६२) मा कार्यरत तारा बहादुर मगर (ना.प्र.प.नं. ०४-०१-०६८-०३५७१) ले आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ।

**Dulsco Human Resources Pvt. Ltd.** श्रम ईजाजत नं. ५००/०६१/०६२
Om Nagar-9, Sinamagal, Ktm, Nepal. Tel: +977-1-4111227, 4111228, 4111229, 4543010
Mobile: 9702290841, 9803202140, 9815039898, 9841423329

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/११/०१ मा दर्ता भएको प्रा.लि. नं. २८३८४१ को एम.यु.सव रेमिट प्रा.लि. को मिति २०८१/03/२७ मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८४१३४०४०३, ईमेल :** rokayasherbahadur723@gmail.com

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७८/११/२९ मा दर्ता भएको प्रा.लि. नं. २८६३१० को **चामुण्डा देवी रियल स्टेट कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

## सिन्धु ज्वाला हाइड्रोपावर लि. को
## पाँचौं, छैठौं र सातौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति २०८१/०३/२८**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८१/०३/०५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णायानूसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यस कम्पनीको लिमिटेड पश्चात पाँचौ, छैठौं र सातौं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारणसभामा आफैं उपस्थित हुन वा आफ्नो प्रतिनिधि मनोनयन गरी पठाई भाग लिन हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध गर्दछौं।

**वार्षिक साधारणसभा हुने मिति, समय र स्थान:**
**वार्षिक साधारणसभा हुने मिति** : साउन १२, २०८१
**सभा सुरु हुने समय** : बिहान १०:३० बजे
**स्थान** : रोयल जडिबुटी ब्याङक्वेट, जडिबुटी-३१ काठमाडौं

१. सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिको अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने कम्पनी रजिस्ट्रारको कार्यालयबाट भएको मिति २०७९/०१/०२ को निर्णय र निर्देशन तथा उच्च अदालत पाटनको मुद्दा नं. ०७८-DP-१६९० निर्णय नं. ७६७ र मुद्दा नं. ०७९-CB-१२४३ निर्णय नं. ७७२ फौसला बमोजिम आ. व. ०७३/७४ देखि आ. व. ०७७/७८, आ. व. ०७८/८९ र आ. व. ०७९/८० को लेखापरिक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. कम्पनीको कार्यप्रगति विवरण पेश गरी कम्पनीको उद्देश्य प्राप्तिका लागि हालसम्म भएका कार्य तथा निर्णयहरूलाई अनुमोदन गर्ने सम्बन्धमा।
३. कम्पनीको प्रबन्धपत्र र नियमावलीअनुसर सञ्चालक समितिको गठन सम्बन्धमा।
४. कम्पनीको चालु आ.व. ०८०/८१ को लागि लेखा परिक्षक नियुक्त गर्ने र पारिश्रमिक तोक्ने सम्बन्धमा।
५. सञ्चालक समितिका पदाधिकारीहरूको जिम्मेवारी अनुसार सेवा सुविधा तोक्ने सम्बन्धमा।
६. कम्पनीको संस्थापक शेयरधनीहरूले लिन कवुल गरेको शेयर र सो समूहमा पर्ने अवितरित शेयरको बाँडफाँड तथा भुक्तानी सम्बन्धमा।
७. साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सम्बन्धमा।
८. बैंक कर्जाको लागि थप कर्जाको रिभाइज थप कर्जा लिने सम्बन्धमा।

**विशेष प्रस्तावहरू :**
(क) कम्पनीको प्रबन्धपत्र र नियमावली संशोधन गर्ने सम्बन्धमा।
(ख) प्रबन्धपत्र र नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायको निर्देशन अनुसार आवश्यक फेरबदल गर्नुपर्ने भएमा सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।
९. विविध।

**नोट:**
(१) प्रोक्सी मिति २०८१ साउन १० गतेसम्म यस कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ।
(२) साधारणसभा हुने स्थानमा सभामा सहभागी शेयरधनी महानुभावहरूको हस्ताक्षरको लागि हाजिरी पुस्तिका ९:०० बजेदेखि नै खुल्ला गरिनेछ।
(३) विस्तृत जानकारीको लागि कार्यालय समयभित्र कम्पनीको कार्यालयमा सम्पर्क गर्नुहोला।
(४) बाढी, पहिरो र वर्षाका कारण सम्पूर्ण शेयर धनीहरु उपस्थित हुन नसक्ने भएकाले स्थान र मिति परिवर्तन गरिएको छ।

**सञ्चालक समितको आज्ञाले**
**कम्पनी सचिव**

**सिन्धु ज्वाला हाइड्रोपावर लि.**
**तिनकुने, काठमाडौं, फोन नं. ०१-५१०४६७४/५१०४६७३**

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ८० असार २७ गते २०८१ मा प्रकाशित **Green Tara International Overseas Services Pvt. Ltd.** को Lot No. 297664 को **Align Team Llc** कम्पनीको विज्ञापनमा **Filling Clerk को मासिक तलब ने.रु. ५०,४९५ (AED 1400) र Cleaner को मासिक तलब ने.रु. ३२,५२५ (AED 900)** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## राहदानी हरायो

मिति २०८१/०२/१३ गते ब्रम्हखेलदेखि शाँखुसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

नाम थर : **अस्मिता तामाङ**
राहदानी नं : **BA 0271659**
ठेगाना: **चौतारा, साँगाचोक न.पा. वडा नं.१, सिन्धुपाल्चोक**
फोन नं : **९८६०६८७३६१**

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ८० असार २७ गते २०८१ मा प्रकाशित **Chandani Management Services Pvt. Ltd.** को Lot No. 307361 को **Central Qassim Trading And Contracting Company is A Closed Joint Stock Company** कम्पनीको विज्ञापनमा **साउदीमा वैदेशिक रोजगारको अवसर** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ।

CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com

## गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री गरिने बारेको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति: २०८१/०३/२८ गते)

यस बैंकको नाममा दर्ता रहेको तपसील बमोजिमको जग्गाहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा ईच्छुक फर्म, कम्पनि वा महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१(एक्काईस) दिन भित्र यस बैंकको शाखा कार्यालय धुलाबारीमा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ। बोलपत्र सूचना प्रकाशन भएको २२ औं दिन वा सो दिन सार्वजनिक बिदा परेको भएमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिनमा बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधीनमा रही रीतपूर्वक दर्ता हुन आएका बोलपत्र फारमहरु दिनको १२ बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ। तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन।

**तपसील**

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति:** २०८१ साल साउन महिना १७ गते
**शिलबन्दी बोलपत्र खोल्ने मिति:** २०८१ साल साउन महिना १८ गते दिनको १२ बजे
**शिलबन्दी बोलपत्र खोल्ने कार्यालय तथा स्थान:** कृषि विकास बैंक लि. शाखा कार्यालय भद्रपुर

**सम्पत्तिको विवरण**

| क्र.सं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | कृषि विकास बैंक लि. | झापा | मेचिनगर | १३ | ६९६ | १६९.३१ | सो जग्गामा निर्माणाधिन घर /लिगलगापात समेत |

**शर्तहरू :**
१. शिलवन्दी बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट रु १,०००। (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फारम मान्य हुने छैन।
२. लिलामी सूचनामा उल्लेखित सम्पत्तिको शिर्षक वा नम्बर बोलपत्र फारममा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ। साथै, बोलपत्रको खाम बाहिर सम्पत्तिको शिर्षक वा नम्बर उल्लेख गरेको हुनु पर्नेछ।
३. रित नपुगेको, न्यूनतम् मूल्य भन्दा कम उल्लेख भएको, तोकिएको मिति र समयमा आई नपुगेको टेण्डर उपर कुनै कारवाही गरिने छैन।
४. कुनै कारण जनाई वा नजनाई टेण्डर स्वीकृति गर्ने वा नगर्ने अधिकार यस बैंकमा सुरक्षित रहने छ।
५. टेण्डर मिति २०८१/०४/१८ गते का दिन दिनको १२ बजे कृषि विकास बैंक लि. शाखा कार्यालय भद्रपुर मा टेण्डर दिने व्यक्ति वा निजको प्रतिनिधिहरुको रोहवरमा वा निजको उपस्थिति नभएमा पनि उपस्थित भएसम्मका व्यक्तिहरुको रोहवरमा खोलिने छ।
६. टेण्डरसाथ आफूले दिन चाहेको मोलको न्यूनतम १०% रकम भुक्तानी दिनु पर्ने हिसाव वा धरौटी वापत सम्बन्धित शाखा कार्यालय मा जम्मा गर्नु पर्नेछ र सोको सक्कल बैंक भौचर/रसिद टेण्डरसाथ राखेको हुनुपर्नेछ।
७. टेण्डर स्वीकृत भएपछि बाँकी रकम ७ (सात) दिन भित्र दाखिल गरी सामान उठाई लैजानु पर्नेछ, घर/जग्गा र सवारी साधनको हकमा नामसारी गरि सक्नु पर्नेछ अन्यथा धरौटी जफत भई उक्त सम्पत्ति पुन: बिक्री गर्न सकिनेछ।
८. आफूले सम्पत्ति लिन दिएको मोल अङ्क र अक्षरमा प्रष्टसँग लेखिएको हुनु पर्नेछ। साथै, उल्लेखित सम्पूर्ण सम्पत्ति वा अलग अलग कित्ता लिने हो सो समेत खुलाई पेश गर्न सकिनेछ।
९. शिलबन्दी टेण्डर खाममा लाहाछाप लगाएको हुनु पर्ने छ।
१०. शिलबन्दी टेण्डर दिने व्यक्तिले नागरिकताको प्रमाणित प्रतिलिपी र संगठित संस्था भए संस्था दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्नेछ। साथै संस्थाको हकमा कम्पनीको छाप, अख्तियारनामा र निजको अख्तियारवाला कर्मचारीको दस्तखत हुनुपर्नेछ।
११. लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन।
१२. लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्नुपर्ने राजश्व, रजिष्ट्रेशन दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ।
१३. अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय रामशाहपथ, काठमाण्डौं**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# पुष्पकमलको सत्ता बहिर्गमन यात्रा

प्रधानमन्त्री पुष्पकमल दाहालले आज संसद्मा पाँचौंपटक विश्वासको मत लिँदै छन् । पहिलोपटक उनले २६ पुस २०७९ मा विश्वासको मत लिएका थिए । त्यसबेला उनले २७५ सांसदमध्ये २६८ जनाको समर्थन पाएका थिए । यो प्रधानमन्त्री दाहालका लागि अभूतपूर्व विश्वासको मत थियो । एमालेसहितका दलहरूसँग गठबन्धन भए पनि त्यसबेला कांग्रेसलेसमेत विश्वासको मत दिएको थियो ।

एमाले गठबन्धनबाट हटेपछि ५ चैत २०७९ मै दोस्रोपटक विश्वासको मत दाहालले लिए । त्यसबेला उनले १७२ जना सांसदको मत पाए । कांग्रेससहितका केही दल सत्ता गठबन्धनमा सामेल भए । ३० फागुनमा एमालेसहितको सत्ता गठबन्धन बनेपछि दाहालले विश्वासको मत त पाए तर घट्यो । उनले त्यसबेला १५७ जना सांसदको समर्थन पाए । यसपछि सरकारबाट उपेन्द्र यादवको दल जसपा नेपाल बाहिरिएसँगै ७ जेठमा १५७ जना सांसदकै विश्वासको मत पाए ।

आज भने उनले विश्वासको मत पाउने सम्भावना देखिँदैन । उनको साथमा अहिले दुई दलमात्र छन्, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नेकपा एकीकृत समाजवादी । माओवादी केन्द्र, रास्वपा र एकीकृत समाजवादीको गरेर जम्मा ६३ जना सांसदको मात्रै समर्थन पाउने अवस्था छ । एक जना प्रधानमन्त्रीका रूपमा दाहाल क्रमशः डेढ वर्षको अवधिमा सदनको विश्वास गुमाउँदै अन्ततः प्रतिपक्षी कित्तामा पुग्ने देखिएको छ ।

कांग्रेस–एमाले गठबन्धन बनेसँगै राजीनामा दिन दाहाललाई दुवै दलले आग्रह गरेका थिए । संसद्सम्मै राजीनामाका लागि दबाब दिइयो तर, प्रधानमन्त्री दाहाल राजीनामा दिएर सजिलै सत्ता हस्तान्तरण गर्न तयार भएनन् । बरु कमजोर अंकगणितका बीच संसद्को सामना गर्न लागेका हुन् । दाहाल यो अवस्थामा आउनुमा उनी आफैं अस्थिर बनेकाले हो । गत चुनावमा ३२ सिट जितेर तेस्रो दल बने पनि कहिले पहिलो दल कांग्रेस त कहिले दोस्रो ठूलो दल एमालेको साथ लिएर सत्तामा टिकिरहने खेलमा लाग्नुले नै उनलाई सत्ताबाट बाहिरिनुपर्ने अवस्थासम्म ल्याइपुऱ्याएको हो ।

डेढ वर्ष सत्तामा रहँदा खासै प्रभाव देखाउन नसकेका दाहाल अब प्रतिपक्षको भूमिकामा रहने छन् । प्रतिपक्षमा पनि उनी कमजोर रहने छन् । किनकि नयाँ गठबन्धनसँग दुई तिहाइ बहुमत पुग्ने सम्भावना बलियो देखिएको छ । नयाँ गठबन्धनको उद्देश्य संविधान संशोधनसम्म रहेको बताइएको छ । दुई तिहाइ बहुमतले त्यसो गर्न सम्भव छ । यस्तो अवस्थाबीच दाहालले अबको संसदीय राजनीतिमा कस्तो भूमिका खेल्ने हो, त्यो प्रतीक्षाकै विषय बनेको छ ।

## मनन्योग्य

### चाणक्य नीति

राजा नन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दु:साहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा भई भन्न लागे महाराज क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ? क्रमशः

# जनसांख्यिक स्थितिको लेखाजोखा



■ दुण्डिराज लामिछाने

> जनसंख्या एक राजनीतिक विषय तथा विकास निर्माणको आधार स्तम्भ हो । कल्याणकारी योजना, समावेशी विकास र राजनीतिक व्यवस्थामा लोकतन्त्रको संस्थागत विकासको मेरूदण्डको रूपमा लिइन्छ जनसंख्या तथ्यांक । यसको व्यवस्थापनमा सबै क्षेत्रको संलग्नता आवश्यक पर्दछ । जनसंख्या व्यवस्थापन गर्नका लागि सामयिक, सान्दर्भिक, भरपर्दो र गुणस्तरीय जनसांख्यिक तथ्यांक आवश्यक पर्दछ ।

बिहीबार जुलाई ११ अर्थात् विश्व जनसंख्या दिवसको मूल नारा 'समावेशी तथ्यांकको शक्तिलाई अँगालेर सबैका लागि सुदृढ र समतामूलक भविष्यतर्फ' भन्ने रहेको थियो । बुधबार विश्वको जनसंख्या करिब आठ अर्ब १३ करोड पुगेको छ । विश्वभरि नै भावी जनसंख्या तथ्यांकको चित्रणको गर्ने प्रयास भइरहेको छ । ३० वर्षअघि जनसंख्या विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा विश्वले मानिसहरूलाई विकासको केन्द्रमा राख्ने सहमति जनाएको थियो । खासगरी महिलाको पहुँचले प्रजनन हेरचाह सुधार गर्ने, मातृ मृत्युमा कमी ल्याउने र लैंगिक समानतामा सुधारहरू गर्ने अनुमान गरिएको छ । यी विषयहरू हासिल भए नभएको मूल्यांकन र थप सुधार गर्न आवश्यक पर्छ गुणस्तरीय तथ्यांक ।

विश्व जनसंख्या दिवस मनाइरहँदा पछिल्लो तीन दशकको अवधिमा तथ्यांक संकलन र विश्लेषणमा भएका सुधारका साथै प्रविधिमा भएका प्रगतिको कारण तथ्य र प्रमाणमा आधारित नीति निर्माण प्रक्रियामा थप व्यापकता र आम सर्वसाधारणका लागि तथ्यगत सूचनाको उपलब्धता बढेको छ । यसले गर्दा संसारभरिका मानिसले स्वस्थ प्रतिस्पर्धा, अधिकारको उपयोग र विकल्पहरूको छनोट गर्न सक्षम भएका छन् ।

विश्व जनसंख्या दिवस मनाइरहँदा देश, समाज र नीति निर्मातालाई अवसरको रूपमा लिन उत्प्रेरणा जगाएको छ । यस अवधिमा तथ्यांक संकलन, विश्लेषण र सम्प्रेषणमा भएको सुधारको उत्सव मनाउने मात्र नभएर के हामीले सही प्रश्नको माध्यमबाट सही र भरपर्दो सूचनाहरू तयार गर्न सक्छौं ? के हाम्रो तथ्यांक संग्रह सबै मानिसहरूका लागि सुरक्षित छ ? अझै पनि कोही गणनामा छुटिरहेको र जिम्मेवार नभएको छ ? यी विषयहरूमा नीति निर्माता तथा राजनीतिक व्यक्तित्वहरूबीच चर्चा परिचर्चा गर्नुपर्ने दिन हो- विश्व जनसंख्या दिवस ।

नेपालको सन्दर्भमा जनसंख्या तथ्यांकको उपयोगिता संवैधानिक तथा कानुनी रूपमा निकै महत्त्वपूर्ण रहेको छ । जनसंख्या विकासको भाजक पनि हो । विकासको प्रतिफल जनसंख्याले उपभोग गर्ने हो । जनसंख्यालाई आधार नमानि गरिएका विकास कार्यहरू कि असफल हुन्छ कि दिगोरूपमा सञ्चालन हुन सक्दैनन् । जनसंख्या तथ्यांकको राजनीतिक तथा संवैधानिक महत्त्व रहेको छ ।

संविधानमा संघीय, प्रदेश तथा स्थानीय सरकार सञ्चालन, जिल्ला, नगरपालिका, गाउँपालिकाको विकास अनुदानको आधार हुने, सामाजिक सुरक्षा (वृद्ध भत्ता, अल्पसंख्यक, एकल महिला, बालविकास अनुदान आदि) तथा अन्य लोककल्याणकारी कार्यक्रम सञ्चालन गर्न, निर्वाचन क्षेत्र निर्धारण, व्यवस्थापिका संसद्को आधार अर्थात् सभासद्हरूको संख्या निर्धारण, नगर तथा गाउँपालिकाको वर्गीकरण गर्न आदि कार्यमा प्रयोग हुने कुरा संविधानमा उल्लेख भएको छ । महिला, पुरूष, यौनिक तथा लैंगिक अल्पसंख्यकहरू, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, सीमान्तकृत समूहहरू, पिछडिएको क्षेत्रमा बसोवास गर्ने व्यक्तिहरू, धार्मिक अल्पसंख्यक तथा सामाजिक मूलप्रवाहीकरणमा नपरेका व्यक्ति र समुदायलगायत आमनागरिकको हक हितको सम्बोधन गर्न, तीनै तहको सरकारलाई आवश्यक पर्ने महत्त्वपूर्ण तथ्यांक नै जनसंख्या तथ्यांक हो ।

नेपालमा व्यक्तिगत घटना दर्ताको भरपर्दो अभाव र नियमित सर्वेक्षणको अभावमा जनसंख्या तथ्यांकको स्रोत जनगणनालाई लिइँदै आएको छ । नेपालले १९६८ सालदेखि जनगणना सञ्चालन गरी हालसम्म १२औं जनगणना सम्पन्न गरिसकेको छ । व्यक्तिगत घटना दर्ता प्रणाली लागू भएको धेरै समय बितेको भए पनि यसले खासै गति लिन सकेको छैन । तथापि, हालै यो प्रणाली अनलाइन घटना दर्ता प्रणालीमा रूपान्तरण भएदेखि जनसांख्यिक तथ्यांक नियमितरूपमा प्राप्त हुने अवस्था बढ्दै गएको र यस प्रणालीबाट राष्ट्रिय तथा अन्तर िष्ट्रिय प्रतिबद्धताअनुसार उत्पादन हुने तथ्यांक उपयोगमा ध्यान केन्द्रित हुन थालेकाले जनसंख्या तथ्यांकको विकासमा एक हदसम्म सकारात्मक सन्देश दिएको छ ।

जनसंख्या तथ्यांकको महत्त्वपूर्ण स्रोत जनगणना, व्यक्तिगत घटना दर्ता प्रणाली, नियमित प्रशासनिक अभिलेख र आवधिक नमूना सर्वेक्षणहरू आदि रहेका छन् । ती स्रोतबाट प्राप्त हुने जनसांख्यिक सूचकहरूको प्रयोग तथा उपयोगले मात्र जनसंख्या तथ्यांकको महत्त्व उजागर गर्न सकिन्छ । जनसंख्या तथ्यांकको सुधार गर्नको लागि ती स्रोतहरूको समग्र तथ्यांक संकलन विधि, प्रक्रिया, स्थलगत तथ्यांक संकलन कार्य, तथ्यांक प्रशोधनलगायत प्राविधिक तथा व्यवस्थापकीय पक्षमा ध्यान दिई गुणस्तर सुधारमा ध्यान दिन जरुरी रहेको छ । तीनैवटा स्रोतबाट एक्लाएक्लै हेर्दा तथ्यांकले तुलानात्मक मानक र देशलाई चाहिने सबै जनसांख्यिक तथ्यांक उपलब्ध गराउँदैन । तसर्थ यसलाई एक अर्काको परिपूरकको रूपमा प्रयोग गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्दै जनसंख्या तथ्यांकको प्रयोगलाई निरन्तरता दिनुपर्दछ ।

## आवधिक योजना तथा नीतिमा जनसंख्या व्यवस्थापन

नेपालमा पहिलोपटक जनसंख्या नीति, २०७१ मा लागू भएको छ । यसअघि यसै प्रकारको नीति राष्ट्रिय रणनीतिको नाममा २०४० सालमा लागू गरिएको थियो । जनसंख्या नीतिलाई योजनाका दस्तावेजमा समावेश गरी जनसांख्यिक तथ्यांकको प्रयोग पहिलो पञ्चवर्षीय योजनादेखि हुँदै आएको छ । पहिलो पञ्चवर्षीय योजनादेखि पाँचौं योजनासम्ममा बसाइँसराइ र परिवार नियोजन तथा मातृशिशु स्वास्थ्यसम्बन्धी कार्यक्रममा जोड दिएको पाइन्छ । छैटौं योजनामा जनसंख्या वितरण र बसाइँसराइको व्यवस्थापन, सातौं योजनामा जनसंख्या वृद्धिदर र आर्थिक विकास, आठौं योजनामा क्षेत्रगत नीतिको रूपमा जनसंख्याको महत्त्व स्वीकार गरिएको थियो । नवौं योजना २० वर्षे दीर्घकालीन दृष्टिकोणसहित कूल प्रजननदरलाई प्रतिस्थापन तहमा पुऱ्याउने लक्ष्य राखिएको थियो । १५औं योजनाले जनसंख्या तथा बसाइँसराइको उचित व्यवस्थापन गर्ने लक्ष्य लिएको छ ।

१६औं योजना (२०८१/८२-२०८५/८६) ले जनसंख्या व्यवस्थापन गर्न आन्तरिक रोजगारीका अवसर सिर्जना गर्ने, जनसंख्या लाभको अधिकतम् उपयोग गर्ने, श्रम व्यवस्थापन सुधार गर्ने, वैदेशिक रोजगारी व्यवस्थापन गर्ने, आप्रवासी कामदारको व्यवस्थापन गर्ने, राष्ट्र निर्माणमा युवा परिचालन, सामाजिक सुरक्षाको दायरा विस्तार र दिगोपना, दिगो सुरक्षित र उत्थानशील सहर तथा सहरी पूर्वाधार निर्माणलागायत नीति तथा कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिएको छ । यस योजनाले विश्व जनसंख्या दिवसको नारालाई सहयोग पुग्ने गरी तथ्य र प्रमाणमा आधारित सूचना व्यवस्थापन तथा अनुगमन, मूल्यांकन प्रणाली सुधार कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ । सन्तुलित विकासका लागि बसाइँसराइ व्यवस्थपन र जनसांख्यिक लाभको उपयोग गरी प्रादेशिक सन्तुलन कायम गर्ने रणनीति तय गरेको छ । राष्ट्रिय जनगणना २०७८ र अन्य सर्वेक्षणबाट प्राप्त जनसंख्या तथ्यांकले देखाएका तथ्य र संरचनागत परिवर्तनका आधारमा राष्ट्रिय जनसंख्या नीतिको तर्जुमा भइरहेको छ । यस नीतिले विद्यमान अन्योलको अवस्थालाई पक्कै पनि सम्बोधन गर्ने र कार्यान्वयनको लागि सबै तहका सरकार सचेत हुने अपेक्षा गर्न सकिन्छ ।

## जनसांख्यिक तथ्यांकको समग्र लेखाजोखा

राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार मुलुकको जनसंख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ रहेकामा एक करोड ४२ लाख ५३ हजार ५५१ जना पुरुष (४८.९८ प्रतिशत) र एक करोड ४९ लाख ११ हजार २७ जना महिला (५१.०२ प्रतिशत) रहेका छन् । दश वर्षअघि २०६८ सालको जनगणनामा कूल जनसंख्या दुई करोड ६४ लाख ९४ हजार ५०४ रहेकामा पुरुष र महिलाको हिस्सा क्रमशः ४८.५५ र ५१.५५ प्रतिशत रहेको थियो । यस नतिजाअनुसार लैंगिक अनुपात (प्रति १०० महिलामा पुरूषको संख्या) ९५.५९ रहेको छ । गत जनगणनामा प्रति सय महिलामा पुरुषको संख्या ९४.१६ रहेको थियो । कूल जनसंख्या अघिल्लो गणनाको तुलनामा २६ लाख ७० हजार २७४ ले बढी हो । यसरी हेर्दा दश वर्षमा नेपालको जनसंख्या १०.०८ प्रतिशतले बढेको देखिएको छ । विगत १० वर्षको सरदर वार्षिक वृद्धिदर ०.९२ प्रतिशत रहेको र जुन अघिल्लो जनगणनामा १.३५ प्रतिशत रहेको छ । यो देशको वृद्धिदर पछिल्लो आठ दशककै न्यून वृद्धिदर हो ।

नेपालमा १८ वर्षभन्दा कम उमेरका बालबालिका ३३.८ प्रतिशत अर्थात् ९८ लाख ६९ हजार ५८३ रहेको छ । यो प्रतिशत गत जनगणनको तुलनामा निकै (आठ प्रतिशत बिन्दुले) घटेको छ । नेपालको जनसांख्यिक संरचनामा उत्पादनशील उमेर समूहको जनसंख्या ६७ प्रतिशत रहेको छ । यस्तो जनसांख्यिक लाभको अवस्था २५ देखि ३० वर्षसम्म रहने अनुमान गर्न सकिन्छ । जेष्ठ नागरिकको जनसंख्या निरन्तर वृद्धि हुँदै गएको छ । ६० वर्ष उमेरभन्दा माथिका जनसंख्या करिब ११ प्रतिशत पुगेको छ । भौगोलिक रूपमा ३४ वटा जिल्लामा वार्षिक जनसंख्या वृद्धिदर ऋणात्मक भएको छ । ग्रामीण क्षेत्रमा युवाहरूको कमी हुँदै गएको छ भने जेष्ठ नागरिक र बालबालिका तथा महिलाको हिस्सा बढी मात्रामा रहेको छ । नेपालभर करिब पाँच लाख बस्नयोग्य घरहरू मानवविहीन अर्थात् खालि अवस्थामा छन् । विगत तीन दशकदेखि आन्तरिक श्रमबजारको प्रशोचन क्षमता न्यून हुँदा अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारीमा जाने गरेका छन् । कूल जनसंख्याको झण्डै आठ प्रतिशत जनसंख्या अक्सर विदेशमा बसोबास गरिरहेका छन् ।

नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८० अनुसार नेपालमा अझै २०.३ प्रतिशत अर्थात् करिब ६० लाख नेपालीहरू गरिबीको रेखामुनि रहेका छन् भने नेपाल श्रमशक्ति सर्वेक्षण २०७४ अनुसार ११.४ प्रतिशत बेरोजगारीको दर रहेको छ । झण्डै ३७ प्रतिशत श्रमशक्तिको संलग्नता औपचारिक क्षेत्रमा रहेको छ । बालश्रमको समग्र प्रवृति घट्दोक्रममा रहेको भएता पनि पाँचदेखि १३ वर्षका बालबालिका लगभग ११ लाख घरेलु श्रममा रहेका छन् । यसमा पनि दुई लाख बालबालिकाहरू जोखिमपूर्ण काममा रहेका छन् ।

## जनसंख्या परिवर्तनका आयाम

जनसंख्या परिवर्तनका तीन महत्त्वपूर्ण आयाम जन्म, मृत्यु र बसाइँसराइ हुन् । यिनीहरूको अवस्थाको बारेमा निम्नअनुसार चर्चा गरिएको छ । जनसंख्यामा परिवर्तन ल्याउनका लागि जन्म प्रमुख प्राकृतिक कारण मानिन्छ । जन्मले जनसंख्या बढाउँछ । २०२८ सालको जनगणनाअनुसार कूल प्रजननदर ६.३ रहेकोमा पाँच दशकमा यो दर १.९४ (अर्थात् एक जना महिलाले प्रजननयोग्य उमेरमा दुई जनाभन्दा कम बच्चाको जन्म दिन्छिन्) पुगेको छ । प्रादेशिक हिसाबले मधेस प्रदेशमा कूल प्रजनन्दर उच्च (२.८५) रहेको छ भने बागमती प्रदेशमा निकै कम (१.३७) रहेको छ । कोरा जन्मदर तथा बच्चा जन्माउने औसत उमेर क्रमशः निकै घट्दै गएको छ ।

समग्रतामा प्रजनन्दर निकै कम भएको देखिन्छ । यसले भविष्यमा काम गर्ने उमेर समूहका जनसंख्या कम हुनुका साथै नेपालभित्र काम गर्ने जनशक्तिको अभावमा विकास निर्माणमा नकारात्मक प्रभाव पार्न सक्छ । विगतमा राज्यले अंगीकार गरेको नीतिको फलस्वरूप राज्यले स्वास्थ्यसम्बन्धी सूचकमा उल्लेखनीय प्रगति हासिल गरेको छ । अब कस्तो नीति लिने र जनसंख्यालाई महिलाको प्रजननदरलाई कसरी विस्थापन तहमा कायम गर्न सकिन्छ नियमित नीति र प्रभाव मूल्यांकनसँग ठोस राजनीतिक निर्णय लिन आवश्यक देखिन्छ ।

जनसंख्यामा परिवर्तन ल्याउने अर्को प्राकृतिक कारण मृत्यु हो । मृत्युले जनसंख्या घटाउँछ । नेपालमा पनि मृत्युदर कम गर्ने प्रयास जारी छ । केन्द्रीय तथ्यांक विभागले २०६३ सालमा गरेको अनुमानअनुसार नेपालको कोरा मृत्युदर ८.७ जना र २०६८ मा ७.१ जना प्रतिहजार थियो, जुन २०७८ मा ६.८ जना प्रतिहजार मात्र छ । नेपालमा मृत्युदर कम हुने प्रमुख कारण शिशु (२०६८ सालमा ४० बाट २०७८ सालमा १७ जना प्रतिहजार जीवित जन्ममा) एवं बाल मृत्युदर (२०६८ सालमा १३ बाट २०७८ सालमा छ जना प्रतिहजार एकदेखि चार वर्षका बालबालिकामा) मा कमी आउनु हो । त्यसैगरी औसत आयु ६६.६ वर्ष (२०६८) रहेको थियो भने हाल ७१.३ वर्ष (२०७८) पुगेको छ । औसत आयुमा बढोत्तरी हुनुमा समग्र मृत्युदर र शिशु तथा बालमृत्युदरमा सुधार आएको र सोही अनुपातमा औसत आयुमासमेत राम्रो प्रभाव पर्दै गएको देखिएको छ । यसको प्रभाव कुनै एकमा भरपर्ने विषय होइन । यसलाई जन्मदर र आन्तरिक तथा बाहच बसाइँसराइले समेत असर पारेको हुन्छ ।

जनसंख्यामा घटबढ हुनुमा कृत्रिम कारकका रूपमा बसाइँसराइलाई लिइन्छ । बाहच बसाइँसराइबाट पनि नेपालको जनसंख्यामा घटबढ भइरहेको छ । हाल नेपालमा विदेशतर्फ जानेभन्दा छिमेकी देशहरूबाट क्रमिकरूपले बसाइँ सरी आउने धेरै छन् । यसरी ग्रामीण क्षेत्रबाट उपयुक्त सेवा सुविधा र शिक्षा प्राप्त गर्नका लागि मानिसहरू सहरी क्षेत्रमा आउँछन् जसले सहरको जनसंख्या बढ्न मद्दत गर्छ । जनगणना २०७८ अनुसार नेपालको करिब ३१ प्रतिशत जनसंख्या आफू जन्मेका स्थानमा बस्दैनन् । तराईमा अध्याधिक बसाइँसराइ भई आएको देखिन्छ भने हिमाली र केही पहाडी जिल्लामा जनसंख्या घट्दै गएको देखिन्छ । आन्तरिक बसाइँसराइको खुद मूल्यांकन गर्दा बागमतीमा कम (-५४ प्रतिलाख जनसंख्यामा) हानि भएको छ भने सबैभन्दा बढी गण्डकी प्रदेश (-४०२७ प्रतिलाख जनसंख्यामा) र कर्णाली प्रदेश (-३७०० प्रतिलाख जनसंख्यामा) क्षति व्यहोरेको देखिन्छ । बाहच बसाइँसराइ हेर्दा सबैभन्दा बढी क्षति (खुद बाहच बसाइँसराइ प्रतिलाख जनसंख्यामा) क्रमशः सुदूरपश्चिम (-७३५९), गण्डकी (-४६३७), लुम्बिनी (-४११८) र कर्णाली प्रदेश (-३४३०) व्यहोरेका छन् ।

लैंगिक समानताका क्षेत्रमा उल्लेखनीय उपलब्धि राज्यले गरेको छ । बालिका, किशोरी तथा महिलाहरूको स्वास्थ्य, शिक्षा, रोजगारी तथा नीतिगत तहमा समतामूलक पहुँच तथा प्रतिनिधित्व बढाउन भएका प्रयासका फलस्वरूप विभिन्न उपलब्धि हासिल भएका छन् । राष्ट्रिय जनगणना २०७८ अ नुसार महिलाको साक्षरता दर पुरुषको तुलनामा बढेको (६९.४ प्रतिशत) छ । घर वा जग्गा वा दुवैमा स्वामित्व पुगेको महिला २३.८ प्रतिशत, मातृमृत्यु अनुपात प्रतिशत प्रतिलाख जीवित जन्ममा १५१ जना र कूल प्रजननदर १.९४ प्रति महिला पुगेको छ । अपांगता भएका व्यक्तिको २.२ प्रतिशत छ भने यौनिक तथा लैंगिक समूहको जनसंख्या ०.०१ प्रतिशत रहेको छ । नेपालमा बसोबास गर्ने जातजातिको संख्या १४२ पुगेको छ । राज्यले सुशासन प्रवर्द्धनका लागि स्थानीय तहसम्म खण्डीकृत तथ्यांकका साथै समावेशी तथ्यांकसमेत सम्प्रेषण गर्ने कार्य निरन्तर गरिरहेको छ ।

## निष्कर्ष

जनसंख्या एक राजनीतिक विषय तथा विकास निर्माणको आधार स्तम्भ हो । कल्याणकारी योजना, समावेशी विकास र राजनीतिक व्यवस्थामा लोकतन्त्रको संस्थागत विकासको मेरुदण्डको रूपमा लिइन्छ जनसंख्या तथ्यांक । यसको व्यवस्थापनमा सबै क्षेत्रको संलग्नता आवश्यक पर्दछ । जनसंख्या व्यवस्थापन गर्नका लागि सामयिक, सान्दर्भिक, भरपर्दो र गुणस्तरीय जनसांख्यिक तथ्यांक आवश्यक पर्दछ । जनसंख्याको वृद्धि, वनावट र वितरणलाई वैज्ञानिक रूपमा व्यवस्थापन गर्नसके राष्ट्रिय विकासमा सकारात्मक योगदान पुग्ने छ ।

नेपालको जनसंख्याको विशेषता युवाहरूको बाहुल्यता, प्रजननदर प्रतिस्थापन तहभन्दा कम रहेको, मातृ तथा शिशु मृत्युदर तुलनात्मक रूपमा घट्दै गएको औसत आयु क्रमश उकालो लाग्दै गएको, लैंगिक असमानता विद्यमान रहेको, असमान जनसंख्या वितरण, अव्यवस्थित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बसाइँसराइ, जेष्ठ नागरिकहरूको संख्यामा क्रमशः बढिरहेको, युवा विदेशतर्फ आकर्षित भएका आदि पाइन्छ । लैंगिक समानता र समावेशी तथ्यांकमा जोड दिई भौगोलिक सन्तुलन कायम गर्दै जनसंख्या व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गर्न ढिला गर्न नहुनेमा हामी सबै सचेत हुन आवश्यक देखिन्छ । *रासस*

*(लेखक राष्ट्रिय तथ्यांक कार्यालयका निर्देशक हुन्)*

# बाढीपहिरोले देशका विभिन्न भागमा क्षति, राजमार्ग अवरुद्ध

**काठमाडौं–** निरन्तरको वर्षाका कारण देशका विभिन्न भागमा बढीपहिरोले भौतिक संरचनामा क्षति भएको छ भने सडक अवरुद्ध हुँदा यातायातका साधन बाटोमा नै रोकिएका छन् । लमजुङ, दाङ, चितवन, बागलुङ, पर्वत, उदयपुरका विभिन्न सडक अवरुद्ध भएका छन् ।



## पहिरो खसेर नारायणगढ-मुग्लिन सडक अवरुद्ध

पहिरो खसेर नारायणगढ-मुग्लिन सडक अवरुद्ध भएको छ। भरतपुर महानगरपालिका-२९ स्थित झोलुंगु पुल र सिमलतालमा पहिरो खसेको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ ।

## पृथ्वीराजमार्ग एकतर्फी सञ्चालन

पृथ्वी राजमार्गअन्तर्गत इच्छाकामना गाउँपालिका-३ मौवाखोला नजिक खसेको पहिरो पन्छाएर सडक एकतर्फी खुलाइएको छ । इलाका प्रहरी कार्यालय मुग्लिनका प्रहरी निरीक्षक निरला भण्डारीका अनुसार वर्षा नरोकिएकाले ठाउँठाउँमा पहिरो खसिरहेको छ । सडक दुईतर्फी खुलाउन अझै केही समय लाग्ने छ । यसैबीच, स्थानीय प्रशासनले अत्यावश्यक कामबाहेक यो सडकबाट यात्रा अनुरोध गरेको छ ।

## मालढुंगा-बेनी सडक अवरुद्ध

म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने कालीगण्डकी कोरिडोरअन्तर्गत पर्वतको मालढुंगा-बेनी सडक अवरुद्ध भएको छ । बुधबार रातिको भारी वर्षाका कारण तीन ठाउँमा खसेको पहिरोले सडक अवरुद्ध बनेको हो । मालढुंगादेखि बेनीसम्मको १३ किलोमिटर लामो बाटोको कुश्मा नगरपालिका-१ मालढुंगानजिकै भिरबाट ढिस्कोसहितको पहिरो खसेको छ । त्यसैगरी जलजला गाउँपलिका-८ स्थित फनफनेमा पनि सडक अवरुद्ध भएको हो ।

## पर्वतमा पहिरोले छ घर पुरिए

पर्वतको मोदी गाउँपालिकामा छ वटा घर पुरिएका छन् । मोदी गाउँपालिका-२ देउपुरको जरुवाका छ घर पुरिएका छन् भने जोखिममा रहेका अन्य नौ परिवार गरी १५ परिवार पूर्णविस्थापित भएका जिल्ला प्रहरी कार्यालय पर्वतले जनाएको छ। बुधबार दिउँसोदेखि नै पहिरो खसेको हो । कुश्मा नगरपालिका-११ पकुवाको छापामा पनि एउटा घर पुरिएको प्रहरीले जनाएको छ।

## गाईघाट-दिक्तेल सडक अवरुद्ध

उदयपुर जिल्लाको त्रियुगा नगरपालिका-१४ को रातमाटे डाँडामा पहिरो खस्दा गाईघाट-दिक्तेल सडक अवरुद्ध भएको छ। बुधबार अपराह्नदेखि उक्त सडक अवरुद्ध भएको हो । समाचार तयार पार्दासम्म एम्बुलेन्सलागयत अत्यावश्यक सवारीका साधन सञ्चालन गराउने प्रयास जारी रहेको बताइएको थियो। जिल्ला प्रशासन कार्यालय, त्रियुगा नगरपालिका र गाईघाट-दिक्तेल सडक कार्यालयले एकीकृत प्रयास गरिरहेका जनाइएको थियो ।

## मध्यपहाडी राजमार्ग बन्द

पहिरोका कारण मध्यपहाडी पुष्पलाल राजमार्गको बागलुङ खण्ड अवरुद्ध भएको छ। बागलुङको काठेखोला गाउँपालिका-६ बयलडाँडास्थित सडकमा पहिरो खस्दा मध्यपहाडी पुष्पलाल राजमार्ग बन्द भएको जिल्ला प्रहरी कार्यलय बागलुङका प्रहरी प्रहरी उपरीक्षक ऋषिराम कँडेलले जानकारी दिए ।

## बेँसीसहर-चामे सडक पनि खुलेन

लमजुङ र मनाङ जोड्ने बेँसीसहर-चामे सडक १० दिनदेखि बन्द छ। बाढीले मनाङको चामे गाउँपालिका-१ तिमाङखोलाको पक्की पुल बगाएपछि उक्त सडकमा सवारीसाधन सञ्चालन भएका छैनन् ।

२०७८ असार महिनामा आएको बाढीले बेलिब्रिज बगाएपछि तिमाङखोलामा काठेपुल राखेर सवारी सञ्चालन हुँदै आएको थियो । दुई वर्षअघि त्यहाँ मोटरेवल पक्की पुल निर्माण गरिएको थियो ।

## पथान्तरणमा क्षति

बाढीका कारण घोराही-तुलसीपुर र घोराही सडक पनि अवरुद्ध भएको छ । पुल निर्माण जारी रहेको घोराही-तुलसीपुर खण्डमा गरिएको पथान्तरण बाढीमा बगेपछि उक्त सडक बन्द भएको हो । *रासस*

# दुर्लभ सुनौलो तोप चराको गणना गरिँदै



**कञ्चनपुर (प्रस)–** विश्वमा दुर्लभ मानिएको सुनौलो तोप चराको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जले बिहीबारदेखि गणना सुरु गरेको छ । दुई समूहमा विभाजित भई निकुञ्ज कार्यालयले सुनौलो तोप चराको अनुगमन तथा गणना सुरु गरेको हो ।

अनुगमन कार्यमा रूफड फाउण्डेसन, चराविज्ञ सिम्रन ढकाल, राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी), नेपाल पक्षी संरक्षण संघ (बिसिएन) र निकुञ्ज कार्यालयका प्रतिनिधि संलग्न रहेका निकुञ्जका सूचना अधिकारी मनोज ऐरले जानकारी दिए । दक्षिण एसियाको नेपाल र भारतमा मात्रै पाइने संकटापन्न अवस्थामा रहेको सुनौलो तोप चराको आहारविहार, संख्या, बासस्थानलगायतको अध्ययन गरिने उनले बताए ।

'सुनौलो तोप चराको गुँडको अवस्था, सिकारी चराले पुऱ्याउने हानि, भाले र पोथीको संख्या, कस्तो प्रकारको कुन प्रजातिको रुखमा गुँड लगाउनेबारे अनुगमनका क्रममा अध्ययन गर्नेछौं,' ऐरले भने, 'योसँगै चरालाई कसरी संरक्षण गर्न सकिन्छ भनेर अनुगमनका क्रममा देखिएका समस्या र अवस्थाका बारेमा सरोकार भएकाबीच छलफल गरी संरक्षण र व्यवस्थापनको योजना बनाउने छौं ।'

नेपालका संरक्षित क्षेत्रमध्ये शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा मात्रै सुनौलो तोप चरा पाइने सूचना अधिकारी ऐरले जानकारी दिए । निकुञ्जको घाँसे मैदानको बीच भागमा यस चराले गुँड लगाउने गर्दछ । झट्ट हेर्दा भँगेराजस्तै देखिने र पहेँलो रङको हुने भएकाले यसलाई सुनौलो तोप भनिएको उनले बताए ।

'रुखका हाँगामा कलात्मक तरिकाले पात सिएर चराले गुँड लगाउने गर्दछ । गुँड बनाएर यसले बच्च जन्माउने गर्दछ,' ऐरले भने, 'तोप चरा सुनौलो रङको धर्के परेको सुन्दर हुन्छ ।' सन् १९९६ मा निकुञ्जमा सुनौलो तोप पहिलोपटक देखिएको थियो । 'त्यसयता निकुञ्जले नियमितरूपमा यसको संरक्षण गरी तथ्यांक संकलन गरिरहेको छ । यसको संख्या वृद्धि गराउन निकुञ्जले प्रजनन क्षेत्रको विस्तार गर्ने काम गरिरहेको छ,' उनले भने ।

गत वर्ष गरिएको अनुगमनबाट निकुञ्जमा सुनौलो तोप २११ को संख्यामा देखापरेको बताउँदै सूचना अधिकारी ऐरले अघिल्लो वर्ष २४४ को संख्यामा देखापरेका जानकारी दिए । 'किसानको साथीका रूपमा रहेको उक्त चराले कीराफटचांग्रा खान मन पराउँछ,' उनले भने, 'सामूहिक रूपमा गुँड लगाउने, बस्ने र सामूहिकरूपमा आहारा खोज्न जाने भएकाले यसलाई सामाजिक चराका रूपमा पनि लिने गरिन्छ ।'

निकुञ्ज नजिकका ताल, सिमसार क्षेत्र नजिकका काँडेदार रुखमा गुँड लगाउने यसको विशेषता रहेको ऐरले बताए । उनका अनुसार मनसुनको समय सुनौलो तोप चराले अन्य समयमा भन्दा बढी प्रजनन गर्ने गर्दछ । तीन सय पाँच वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको निकुञ्जमा सुनौलो तोप चरासँगै ४२३ प्रजातिका चरा रहेका निकुञ्ज कार्यालयले जनाएको छ । तीमध्ये १९ किसिमका दुर्लभ प्रजातिमा पर्दछन् ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AABDULLAH HISHAM AL - YAMANI RESTAURANT

पून विज्ञापन स्वीकृति मिति २०८१/०३/२७ | पूर्व स्वीकृति मिति २०८०/१२/१२ | LT. No. 302110 | चलानी नं. ६०२२१९९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 4 | 0 | 1200 | ४२,६८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३ गते (18th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क:

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)

श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAISAL MOHAMMED AL HARBI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०३/२५ | LT. No. 307391 | चलानी नं. ६०२२२०७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३ गते (18th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD

श्रम इजाजत नं. १३१८/७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536

Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMMAR BAHADUR HOSPITALITY SERVICES LLC

पूर्व स्वीकृति मिति: २०८०/०६/१८ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०३/२६ | LT. No. 293548 | चलानी न.६०२०८७५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 25 | 1300 | ४७,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३ गते (18th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 293548 मिति: २०८१/०३/२७ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

Sulav Recruitment Pvt.Ltd.

Maharajgunj, sankhapark, Kathmandu Nepal,

Telephone : +977 1 5903011/5903012

Email : sulavrecruitment@gmail.com, Website: www.sulavhr.com

Govt. License No. 1336/074/075



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALMUZAIN GULF SAUDI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८१/०३/२५ | LT. No. 307362 | चलानी नं. ६०२२२०७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding Erector | 30 | 0 | 1500 | ५३,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ३ गते (18th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 3073627 मिति: २०८१/०३/२७ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

TARGET Target Consultant Human Resources Pvt. Ltd.

श्रम इजाजत नं.८३३/०६६/०६७

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251

FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MAZIAD COMPANY FOR TRANSPORTATION & CAR TOWING

पूर्व स्वीकृति मिति २०८१/०२/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२७ | LT. No. 304998 | चलानी नं. ६०२१९७७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६४,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ४ गते (19th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kapeel Manpower Pvt. Ltd.

श्रम ईजाजत नं. १८५/०५७/०५८

P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Fax: 977-1-5542407

Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL WAFA FACILITY SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०७९/११/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२७ | LT. No.280973 | चलानी नं. ६०१९६६१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Female | 1 | 200 | 800 | २८,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners Male | 100 | 0 | 800 | २८,८५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ४ गते (19th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.

श्रम इजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424

Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ATLATAA INTERNATIONAL COMPANY FOR CONSUMERS ORDER DELIVERY

पूर्व स्वीकृति मिति २०८१/०३/१९ | LT No :307161 | चलानी नं. ६०२२२११३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 15 | 0 | 135 | ५८,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ४ गते (19th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Ganapati Overseas Pvt.Ltd.

श्रम ईजाजत नं. २५८/०५८/०५९

Sinamangal -9 Kathmandu, Mobile: 9813951511, 9851023416,9851002766

Email: ganapatioverseas8093@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SILVER GULF GROUP FOR RESTAURANT MANAGEMENT CO.

पूर्व स्वीकृति मिति २०८१/०३/२७ | LT No :307347 | चलानी नं. ६०२२२१०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 8 | 8 | 120 | ५२,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन ४ गते (19th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREAT NEPAL H.R PVT.LTD.

Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000220, 9705000221

E-mail : infogreatnepalhr@gmail.com, Web: www.greatnepalhr.com.np

Govt. License No. 1688/080/081

प्रभाव दैनिक
रूपशाला

## 'घरज्वाइँ' को अग्रिम टिकट बुकिङ खुल्यो

असार २८ मा प्रदर्शन हुने फिल्म 'घरज्वाइँ' को अग्रिम टिकट बुकिङ खुल्ला भएको छ । निर्देशक अनिल बुढा मगरले मगर समुदायको विवाह संस्कृतिलाई प्रस्तुत गरेको यो फिल्मले प्रिमियर शोमा राम्रो प्रतिक्रिया पाएको छ । फिल्ममा दयाहाङ राई र मिरूना मगरको प्रमुख भूमिका छ, जहाँ उनीहरूको प्रेमकथा मगर संस्कृतिसँग जोडेर प्रस्तुत गरिएको छ । फिल्ममा बुद्धि तामाङ, पुष्कर गुरूङ, शिशिर बाङ्देल लगायतका कलाकारहरूको पनि अभिनय रहेको छ ।




शुक्रबार, २८ असार २०८१ (Friday, July 12, 2024)

# अनिलको स्वरमा 'उधारो चुम्बन' सार्वजनिक



**काठमाडौं (प्रस)–** अनिल राज पाण्डेको स्वरमा 'उधारो चुम्बन' बोलको गीत सार्वजनिक भएको छ ।

बुधबार सार्वजनिक गीतमा आफ्नो प्रेमिकालाई फकाइएको छ । दिवाकर खनालको शब्दमा बनेको गीतलाई शशी बिक्रम थापाले म्युजिक एरेन्ज गरेका छन् भने संगीत महेश्वर राज भण्डारीको रहेको छ । गीतको भोकल मिक्सिङ शशांक सापकोटाले गरेका छन् ।

निकेश खड्काको निर्देशनमा बनेको म्युजिक भिडिओमा गायक स्वयं अनिल राज पाण्डेसहित मोडल गीता ढुंगानाको अभिनय रहेको छ । म्युजिक भिडिओलाई उत्तम हुमागाईंले खिचेका हुन् भने विकास धमलाले सम्पादन गरेका छन् ।

# 'कर्णाली अन्तर्राष्ट्रिय भिलेज फिल्म फेस्टिभल' हुने

**काठमाडौं (प्रस)–** 'गाउँ गाउँमा नेपाली सिनेमा, गाउँ गाउँमा पर्यटक' भन्ने नारासहित कर्णाली प्रदेशको डोल्पा जिल्लामा 'कर्णाली अन्तर ाष्ट्रिय भिलेज फिल्म फेस्टिभल' आयोजना हुने भएको छ । आगामी भदौ २ गतेदेखि ५ गतेसम्म आयोजना फेस्टिभलको राजधानीमा एक कार्यक्रमकाबिच घोषणा गरियो ।

चोया डिजिटल सोलुसनको आयोजनमा र सेलिब्रेटी नेपालको व्यवस्थापनमा हुन लागेको कर्णाली र आसपासका जिल्लामा पनि नेपाली सिनेमाको बजार विस्तार गर्ने उद्देश्यले आयोजना गर्न लागिएको कार्यक्रम संयोजक नेत्र विष्टले बताए । फिल्म फेस्टिभलमा नेपाली सिनेमासँगै केही विदेशी सिनेमाहरू समेत प्रदर्शन गरिनेछ । स्थानीय कला संस्कृतिको प्रवर्द्धनसँगै पर्यटन प्रवर्द्धनको लागि समेत यो कार्यक्रमले सहयोग पुर्‍याउने आयोजकको विश्वास छ ।

४७०० मिटरको उचाइमा रहेको जगदुल्ला तालमा फेस्टिभलको उद्घाटन हुनेछ । प्रदर्शनी तथा अन्य अन्तरक्रियाहरू जगदुल्ला गाउँपालिकामा हुनेछ । कार्यक्रमको सह-आयोजकको रूपमा जगदुल्ला गाउँपालिका रहेको छ । फिल्म फेस्टिभलमा काठमाडौंबाट ख्यातिप्राप्त कलाकारहरूलाई डोल्पासम्म लगेर कार्यक्रममा सहभागी गराइने छ ।

# 'चलचित्र छायाँकन गर्नु भनेको सुन्दर आर्ट तयार गर्नु हो'


रबिन आचार्य

**रबिन आचार्य** नेपाली चलचित्र क्षेत्रका सिद्धहस्त छायाँकार हुन् । छायाँकनको सैद्धान्तिक र ब्यवहारिक दुबै ज्ञानले खारिएका छन्, आचार्य । आचार्य टेलिभिजन कार्यक्रम, डकुमेण्ट्री, सर्ट फिल्म, एड फिल्म र फिचर फिल्म छायाँकनमा जमेका छन् । 'डाइन क्याण्डल'बाट फिचर चलचित्र छायाँकन सुरू गरेका आचार्यले 'धुलो', 'केटिएम कक्टेल', 'चक्कर', 'चङ्गा', 'जय श्रीदाम', 'हन्ड्रेण रूपिज', 'टेल मि हुँ आइ एम ? सरिता', 'रोटेन ब्लड'जस्ता चलचित्र छायाँकन गरेका छन् । आचार्यले क्विन्स वर्ल्ड फिल्म फेष्टिवल २०१६, फान फिल्म अवार्ड २०१७, कामना फिल्म अवार्ड २०१७, इनास अवार्ड २०१७, सिङ्गापुर साउथ एसियन फिल्म फेस्टिवल २०१८, क्विन्स वर्ल्ड फिल्म फेष्टिवल २०२४, नेपाल अफ्रिका फिल्म फेस्टिवल २०२४ जस्ता अवार्ड तथा फेस्टिवलमा उत्कृष्टताको अवार्ड जितेका छन् । उनले 'डाइन क्याण्डल', 'केटिएम कक्टेल', 'जय श्री दाम', 'चक्कर', 'रोटेन ब्लड' जस्ता चलचित्रहरु निर्माण समेत गरेका छन् । देश विदेशका थुप्रै महोत्सवमा उपस्थिति जनाइसकेका आचार्यले पिम नेपाल डकुमेण्ट्र फिल्म फेष्टिवल २०१८ र सोसियल मिडिया फिल्म अवार्डमा निर्णायकका रुपमा समेत काम गरेका छन् । उनै आचार्यसँग **प्रभाव दैनिक**सँग गरिएको कुराकानीको सारसंक्षेपः

◆ **चलचित्र छायाँकनमा कसरी प्रवेश गर्नुभयो ?**

मेरो बाल्यकाल देखी कै रुचि फोटो खिच्ने थियो । फोटो प्रतिको लगावकै कारण मैले मास कम्युनिकेसन अध्ययन गरे । त्यसमा पनि फोटो जर्नालिजमलाई मुख्य विषय छाने । यही बिचमा मैले आभाष बाट भिडियोग्राफी र सम्पादनको तालिम लिएँ । त्यसपछि नेशनल स्कूल अफ फोटोग्राफीमा एक वर्षको प्रशिक्षण लिए । सोही क्रममा मैले टेलिभिजन कार्यक्रम छायाँकनको अवसर पाएँ । सोही समय बरिष्ठ छायाँकार दिपक ढकालबाट अस्कर कलेज अफ फिल्म स्टडिजको बारेमा जानकारि पाएँ । भिडियोग्राफीमा भविष्य बनाउन चाहेको मेरो लागि अस्कर कलेज पहिलो रोजाई बन्यो । २०६६ सालमा म ब्याचलर अफ फिल्म स्टडिज अध्ययनका लागि अस्कर भर्ना भए । सन् २०११ मा फिल्म स्टडिज सकेपछि छायाँकार शैलेन्द्र ध्वज कार्कीको मुख्य सहायकका रूपमा चलचित्र 'बधशाला'मा जोडिएँ । 'बधशाला' पछि छोटो चलचित्र 'डम्बरे डेनड्राइड'मा काम गरे । त्यसपछि नरेश केसीको निर्देशनमा 'डाइन क्याण्डल'बाट पूर्ण रूपमा छायाँकारका रूपमा आएँ ।

◆ **छायाँकन गर्दा के कुरामा ध्यान दिनुहुन्छ ?**

मेरो विचारमा छायाँकन गर्नु भनेको क्यामरा अपरेट गर्ने मात्र नभएर एउटा सुन्दर आर्ट तयार गर्नु हो । कथा, पात्रको परिवेश र मनोविज्ञान अनुसार एउटै फ्रेममा धेरै कुराहरू समेटनु पर्ने हुन्छ । छायाँकारले लाइट, पात्र र परिवेश बिचको तालमेल, एंगल, क्यामरा मुभमेण्टजस्ता कुराहरूलाई सुन्दर ढङ्गले संयोजन गर्दै हरेक दृष्यमा उत्कृष्ट आर्ट प्रस्तुत गर्न सक्नुपर्छ । जुन आर्ट हेर्दा मनमोहक अनि अर्थपूर्ण हुनुपर्छ भन्ने म ठान्दछु ।

◆ **चलचित्रको जनरा अनुसार छायाँकनको शैली फरक हुन्छ हो ?**

पक्कै पनि हो । यसलाई अझ बिस्तृतमा भन्ने हो भने चलचित्रको कथा अनुसार नै छायाँकन शैली फरक हुन्छ । पात्र र उसको परिबेश तथा मनोबिज्ञानलाई पर्दामा उतार्दै गर्दा कथालाई गहिराइमा पुर्‍याउन सक्ने गरि सट साइज, फ्रेमिङ, लाइटिङ्ग, कलर टेम्पेचर, क्यामरा मोसन जस्ता कुराहरूमा ध्यान दिनुपर्छ । उदाहरणको लागि रोमान्टिक कथामा सफ्ट लाइटको प्रयोग गर्न सकिन्छ भने तनाव पूर्ण दृष्यहरूमा डार्क लाइटको प्रयोग गर्नु पर्ने हुनसक्छ । फाइटका दृष्यहरूमा क्यामरा मोसन अलिक बढी हुन सक्छ । तपाईले 'डाइन क्याण्डल' हेर्नु भएको छ भने पक्कै नोटिस गर्नु भए होला, यो एउटा ड्रामा भएकोले नोष्टाल्जिक लाइटिङ्गलाई बिशेष प्राथमिकता दिएको छु ।

एउटा छायाँकारले निर्देशकको सोच, कथाको मर्म र गुणस्तरलाई ध्यानमा राखेर काम गर्नुपर्छ । छायाँकार भनेको निर्देशक र कलाकार तथा दर्शक बिचको पुल हो । यसैले चलचित्रको कथा वा भनौ जनरा अनुसार छायाँकारले फरक फरक शैली अपनाउन सक्नु पर्छ ।

◆ **नेपाली चलचित्रको कुरा गर्दा पछिल्लो संस्करणको क्यामरा त प्रयोग हुन्छ तर, त्यसलाई चलाउन सक्ने दक्ष छायाँकार छैनन् भनिन्छ नी ?**

तपाईले भनेको कुरा केही हदसम्म सत्य हो । नयाँ नयाँ प्रविधी भित्रदै गर्दा हरेक ब्यक्ति प्रविधीमा अपडेट हुदै जानु पर्छ । समयसँगै अपडेट हुनु छायाँकारको पनि कर्तब्य हो । कतिपय छायाँकारले लेटेष्ट मोडलका क्यामराको पूर्ण सुविधा उपयोग गर्न नसक्दा नयाँ प्रविधी भएपनि छायाँकनमा उत्कृष्टता नदेखिएको हो । यद्यपी नेपाली चलचित्रमा उत्कृष्ट काम गर्ने छायाँकारहरू पनि थुप्रै छन् । अन्तराष्ट्रिय चलचित्र महोत्सवहरूमा नेपालका छायाँकारले अन्य विकशित देशका छायाँकारलाई पछि पार्दै सर्वोत्कृष्टता हासिल गरिरहेका छन् । अन्तराष्ट्रिय प्रतिष्पर्धामा पनि नेपालका छायाँकार एकपछि अर्को गर्दै उत्कृष्ट भइरहेका छन् भने छायाँकार दक्ष भएनन् भन्न मिल्छ र ? म त भन्छु नेपाली चलचित्रमा विश्व चलचित्र उद्योगकै उत्कृष्ट छायाँकारहरूले पनि काम गरिरहेका छन् ।

◆ **तपाईले पनि थुप्रै राष्ट्रिय तथा अन्तराष्ट्रिय चलचित्र महोत्सवहरूमा उत्कृष्ट छायाँकारको अवार्ड प्राप्त गर्नु भएको छ । यस्ता अवार्डहरूले एउटा छायाँकारलाई कस्तो प्रभाव पार्दो रहेछ ?**

म कर्ममा विश्वास गर्ने मान्छे हो । मेरो ध्यान जहिले पनि उत्कृष्ट काम गर्नुपर्छ भन्ने मै रह्यो । क्यामराको माध्यमबाट कसरी दर्शकलाई भावनात्मक रूपमा चलचित्रमा जोड्न सकिन्छ भन्ने मै मेरो ध्यान केन्द्रित छ । म जुन कर्ममा पूर्ण रूपमा समर्पित छु त्यो कर्मले दिने सफलतामा पक्कै पनि खुशी छु । यस्ता अवार्डहरूले मलाई जहिले पनि थप जिम्मेबार बनाउँछ । आगामी चलचित्रमा अझ बढी मेहनत गर्न प्रेरणा मिल्छ ।



# मुख्यमन्त्री कप राष्ट्रिय महिला भलिबलको उपाधि कोशी प्रदेशलाई

■ प्रभाव संवाददाता



**मोरङ–** दोस्रो मुख्यमन्त्री कप राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधि कोशी प्रदेशको टोलीले प्राप्त गरेको छ । प्रदेश खेलकुद विकास बोर्डद्वारा आयोजित उक्त प्रतियोगिताको आज विराटनगर-९ गुद्रीमा सम्पन्न फाइनल खेलमा कोशी प्रदेशले सुदूरपश्चिम प्रदेशलाई ३-२ सेटले पराजित गर्दै विजयी भएको हो ।

कोशीले पहिलो, दोस्रो र पाँचौं सेट आफ्नो पक्षमा पारेको थियो । कोशीले पहिलो सेटमा सुदूरपश्चिमलाई २५-२३, दोस्रो सेटमा २५-१८ र पाँचौं सेटमा १५-१३ ले पराजित गरेको थियो । कोशीले उपाधिका साथ नगद रु तीन लाख र ट्रफी प्राप्त गरेको छ । उपविजेता सुदूरपश्चिमले रु एक लाख ५० हजार र ट्रफी प्राप्त गरेको छ । तेस्रो स्थान प्राप्त मधेस प्रदेशले रु ७५ हजार र चौथो हुने बागमती प्रदेशले रु ५० हजार नगद पुरस्कार प्राप्त गरेको छ । प्रतियोगितामा उत्कृष्ट खेलाडी कोशी प्रदेशकी सुनिता खड्का, डिफेन्स मोनिका श्रेष्ठ र ब्लकर सुनिता राई भए ।

त्यसैगरी, उत्कृष्ट सेटर सुदूरपश्चिमकी रेखा ठगुन्ना र सर्भर ऋतिका खडायत भइन् । मधेस प्रदेशकी नेहा चौधरी उत्कृष्ट स्पाइकर घोषित भइन् । सामाजिक विकासमन्त्री पाँचकर्ण राई र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयकी राज्यमन्त्री सिर्जना राईले विजेता एवं उपविजेतालाई ट्रफी र प्रमाणपत्र वितरण गरेका थिए ।

# एकदिवसीय र टी-२० को छुट्टाछुट्टै कप्तान बनाउने गौतम गम्भीरको तयारी

**काठमाडौं (एजेन्सी)–** आफू भारतीय टोलीको प्रमुख प्रशिक्षकमा नियुक्त हुनुअघि गौतम गम्भीरले भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई)सँग पाँच बुँदे प्रस्ताव राखेका थिए । त्यसमध्ये एउटा बुँदामा उनले फरक-फरक ढाँचाको क्रिकेटका लागि छुट्टाछुट्टै कप्तान बनाउने विषय समावेश गरिएको थियो ।

आफ्नो त्यही योजना अनुरूप गौतम गम्भीरले निकट भविष्यमा हुने श्रीलंका भ्रमणका क्रममा एकदिवसीय र टी-२० टोलीमा छुट्टाछुट्टै कप्तान बनाउने तयारी अगाडि बढाएका छन् । बीसीसीआई स्रोतका अनुसार, प्रमुख प्रशिक्षक गम्भीरले टेस्टका लागि पनि छुट्टै कप्तान बनाउने भएका छन् । भारतीय टोलीले जुलाई २७ तारिखदेखि श्रीलंकाको भ्रमण गर्ने कार्यक्रम रहेको छ । सोही भ्रमणमार्फत गम्भीरले पनि आफ्नो जिम्मेवारी समाल्नेछन् । श्रीलंका भ्रमणका क्रममा भारतले तीनवटा टी-२० अन्तर्राष्ट्रिय र तीनवटा एकदिवसीय अन्तर्राष्ट्रिय खेलको शृंखला खेल्ने कार्यक्रम रहेको छ ।

श्रीलंका भ्रमणका लागि पनि गम्भीरले एकदिवसीय र टी-२० टोलीको छुट्टाछुट्टै कप्तान बनाउने समाचारमा जनाइएको छ । उनले श्रीलंका भ्रमणका लागि रोहित शर्माको अनुपस्थितिमा केएल राहुललाई एकदिवसीय टोलीको कप्तान बनाउने तयारी अगाडि बढाएका छन् । हालै सम्पन्न टी-२० विश्वकपलगत्तै रोहित शर्मा र अर्का अनुभवी खेलाडी विराट कोहलीले टी-२० अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिइसकेका छन् । एकदिवसीय र टेस्ट क्रिकेटमा भने उनीहरू सक्रिय रहने छन् । तर, श्रीलंका भ्रमणका क्रममा रोहित र विराट दुबैलाई आराम दिइने बताइएको छ । श्रीलंका भ्रमणपछि हुने इङ्ल्यान्डविरुद्धको शृंखलालाई ध्यानमा राखी रोहित र विराटलाई आराम दिन लागिएको समाचारमा जनाइएको छ । त्यसैले उनको अनुपस्थितिमा केएल राहुललाई एकदिवसीय टोलीको कप्तान बनाउन लागिएको हो । टी-२० टोलीको कप्तान भने हार्दिक पाण्ड्यालाई बनाइने भएको छ । यी दुवै खेलाडीसँग यसअघि पनि कप्तानको जिम्मेवारी समालेको अनुभव छ ।

# दसौं राष्ट्रिय खेलकुदको तयारी तीव्र

■ प्रभाव संवाददाता




**काठमाडौं–** राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्य-सचिव टङ्कलाल घिसिङले कर्णाली प्रदेशमा हुने १० औं राष्ट्रिय खेलकुदमा ३५ खेलमा चार सय १९ स्पर्धा प्रस्ताव गरेका छन् । राखेपका उपाध्यक्ष शिव कोइरालाको प्रमुख आतिथ्यता तथा सदस्य-सचिव घिसिङको अध्यक्षतामा आज भएको १० औं राष्ट्रिय खेलकुद तथा प्रथम पारा राष्ट्रिय खेलकुदका सन्दर्भमा बसेको बैठकमा उक्त प्रस्ताव गरिएको हो ।

सदस्य-सचिव घिसिङले नवौं राष्ट्रिय खेलकुदमा समावेश भएका ३६ खेलमध्ये प्याराग्लाइडिङबाहेक ३५ खेल प्रस्ताव गरे । राखेपले १० औं राष्ट्रिय खेलकुद आगामी मङ्सिर २ देखि ९ गतेलाई प्रस्ताव गरिसकेको छ । त्यसअघि विभिन्न छ खेलको प्रतियोगिता कात्तिक २७ गतेदेखि सुरु गर्ने प्रस्ताव गरिएको छ ।

महिला फुटबल, उसु, पुरुष/महिला बास्केटबल, जुडो, पुरुष/महिला हक्की र तेक्वान्दोलाई १०औं राष्ट्रिय खेलकुदको औपचारिक उद्घाटन अगावै गर्ने प्रस्ताव गरिएको हो । निर्णायक सफ्या एक हजार चार सय ९९ प्रस्ताव गरिएको छ ।

बैठकमा सदस्य-सचिव घिसिङले १०औं राष्ट्रिय खेलकुदका लागि नेपाल सरकारबाट रु ६० करोड बजेट सुनिश्चित भइसकेको जानकारी गराउँदै कर्णाली प्रदेश खेलकुद विकास परिषद्लाई तयारी अगाडि बढाउन बजेट उपलब्ध गराउने जानकारी दिए । उनले बृहत् राष्ट्रिय खेलकुद देशकै ठुलो खेलकुदका रूपमा रहेको हुँदा समयमै आयोजनाको विकल्प नभएको बताए । उनले १०औं राष्ट्रिय खेलकुदलाई सफलतापूर्वक सम्पन्न गर्न सरोकारवाला सबै जिम्मेवार र गम्भीर हुनुपर्नेमा जोड दिए ।

सदस्य-सचिव घिसिङले १० औं राष्ट्रिय खेलकुद समयमै आयोजना गर्न परिषद् तयार रहेको बताउँदै खेलकुदलाई व्यावसायिक बनाउनुपर्ने आवश्यकता औंल्याए । उनले लोगो र मस्कटको छनोट भइसकेको अवगत गराए । खेल पोशाकको व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित प्रदेशलाई दिनेगरी तयार थालिएको उनको भनाइ थियो ।

सदस्य-सचिव घिसिङले अन्तर ाष्ट्रिय प्रचलनअनुसार १०औं राष्ट्रिय खेलकुद सकिएलगत्तै नेपालमा पहिलोपटक कर्णालीमै पारा खेलकुद आयोजना गर्न लागिएको जानकारी दिँदै प्रस्तावित बुँदामा यथाशीघ्र सुझाव उपलब्ध गराउन आग्रह गरे । राखेपका उपाध्यक्ष शिव कोइरालाले बैठकका दौरानमा खेलकुद सञ्चालन निर्देशिका संशोधनका विषयमा प्राप्त सुझावलाई सम्बोधन गरिने बताए ।

कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्य-सचिव विश्वामित्र सञ्ज्यालले आवासको व्यवस्थापन कारण कर्णाली प्रदेशको पाँच जिल्लामा २२ देखि २४ खेल मात्र गर्न सकिने भएकाले बाँकी खेलका विषय चाँडै टुङ्गो लगाउनुपर्ने बताए । बैठकमा सहभागी प्रदेश खेलकुदका सदस्य सचिवहरूले गाउँपालिकादेखि खेलाडी छनोट हुनुपर्ने, एक खेलमा कम्तीमा पाँच टिम सहभागी हुनुपर्ने, बजेट समयमा निकासा हुनु पर्नेलगायतका विषयमा धारणा राखेका थिए ।

# मधेश चेसमा लक्ष्मणलाई सफलता

■ प्रभाव संवाददाता

**जनकपुर–** अखिल नेपाल चेस संघद्वारा आयोजित मधेश प्रदेश स्तरीय भेट्रान चेस प्रतियोगितामा सर्वाधिक पाँच अंक जोड्दै लक्ष्मणकुमार सेठले उपाधि जितेका छन् ।

पूर्वएफएम (फिडे मास्टर) सुजेन्द्रप्रसाद श्रेष्ठको स्मृतिमा भइरहेको ५० वर्षमाथिको र्यापिड चेसमा १७३४ रेटिङका लक्ष्मणले शतप्रतिशत जितसहित सफलता हात पारेका हुन् । स्वीस प्रणालीको आधारमा पाँच चरणमा आयोजित प्रतियोगितामा १६१७ रेटिङका राजनारायण चौधरी ४ अंकसहित उपविजेता भए । उनी तेस्रो चरणमा लक्ष्मणविरुद्ध हारेका थिए ।

सुरेन्द्रकुमार साह र विनोदकुमार गुप्ताले समान ३.५ अंक जोडे । टाइब्रेकरको आधारमा सुरेन्द्र तेस्रो भए । २० जना खेलाडी सहभागि प्रतियोगितामा दामोदर भुजेल (तीन अंक) शीर्ष पाँचमा अटाए ।

माओवादीनिटक अखिल नेपाल चेस संघले यसअघि नै बाग्मती, लुम्बिनी, कर्णाली, कोशी, सुदूरपश्चिममा प्रदेशस्तरीय सम्पन्न गरिसकेको छ । गण्डकीमा असार २९ गते हुनेछ । त्यसपछि राष्ट्रिय स्तरको प्रतियोगिता आयोजना गर्ने संघका अध्यक्ष एवम् नेपाल बुद्धिचाल महासंघका वरिष्ठ उपाध्यक्ष दिपेन राईले बताए ।



मोरक्कोको राजधानी रबातमा भएको कन्सर्टमा दुन्हुआङ नृत्य प्रस्तुत गर्दै एक चिनियाँ कलाकार । *तस्बिरः सिन्ह्वा*

# प्रधानमन्त्री मोदी रुस र अस्ट्रियाको भ्रमण सकेर स्वदेश फिर्ता

**नयाँदिल्ली–** प्रधानमन्त्री नरेन्द्र मोदी रुस र अस्ट्रिया दुई राष्ट्रको भ्रमण सकेर बिहीबार बिहान नयाँ दिल्ली आइपुगेका छन् । भ्रमणको समापनपछि प्रधानमन्त्री मोदीले सामाजिक सञ्जाल एक्समामार्फत अस्ट्रियाका चान्सलर कार्ल नेहम्मर, सरकार र जनतालाई न्यानो स्वागत र आतिथ्यका लागि धन्यवाद व्यक्त गरेका छन् ।

उनले भ्रमण अत्यधिक फलदायी र 'ऐतिहासिक' भएको पनि उल्लेख गरेका छन् । अस्ट्रियाको भ्रमण ऐतिहासिक र अत्यधिक फलदायी भएको भन्दै राष्ट्रहरूबीचको मित्रतामा नयाँ जोश जोडिएको बताए । भियनामा हुँदा विविध कार्यक्रमहरूमा भाग लिएकोमा खुसी व्यक्त गर्दै उनले च्यान्सलर, अस्ट्रिया सरकार र जनताको आतिथ्य तथा स्नेहका लागि धन्यवाद दिए । प्रधानमन्त्री मोदीले बुधबार भियनामा एक सामुदायिक कार्यक्रमलाई सम्बोधन गर्दै दुई मुलुकबीचको मित्रताको ७५ वर्ष पूरा भएको ऐतिहासिक अवसरमा यो प्रतीक्षा समाप्त भएको बताए । यसबाहेक उनले ४१ वर्षको अन्तरालपछि भारतीय प्रधानमन्त्रीका रूपमा अस्ट्रियाको भ्रमण गर्नु एउटा ऐतिहासिक क्षण भएको स्वीकार गर्दै उत्साहपूर्ण स्वागतमा कृतज्ञता र प्रसन्नता पनि व्यक्त गरे ।



अस्ट्रियाका चान्सलर कार्ल नेहम्मरले प्रधानमन्त्री मोदीको अस्ट्रियाको सफल राजकीय भ्रमणको आयोजना गर्नमा संलग्न टोलीहरूको प्रशंसा गरे । सामाजिक सञ्जाल एक्सको पोस्टमा चान्सलर नेहम्मरले विदेश मामिला मन्त्रालय, संघीय सेना, प्रहरीलगायतको समर्पण र परिश्रमलाई स्वीकार गरे । उनले उनीहरूको व्यावसायिक योजना, संगठन र भ्रमणको कार्यान्वयनका लागि धन्यवाद दिए ।

अस्ट्रियामा काम गर्न लागि मोदीको अस्ट्रियाजस्तो ठूलो राजकीय भ्रमणका लागि दर्जनौं कर्मचारीहरू हप्तौंदेखि व्यस्त रहेको जनाउँदै भ्रमणको दिन सयौं थप सहभागी भएको नेहम्मरले उल्लेख गरे । उनले सेना, प्रहरी प्रोटोकल र पृष्ठभूमिमा धेरै सहयोगी हातहरू पेशेवर योजना, सावधानीपूर्वक संगठन र उत्तम कार्यान्वयनका लागि धन्यवाद दिए ।

सांस्कृतिक आदानप्रदानको परम्पराको प्रशंसा गर्दै चान्सलर नेहमर र प्रधानमन्त्री मोदीले अस्ट्रियालीहरूमा योग र आयुर्वेदमा बढ्दो चासो रहेको पनि उल्लेख गरे । दुवै नेताले उच्च-प्रविधि क्षेत्रमा विस्तारित संलग्नतालाई समर्थन गर्न कुशल कर्मचारीहरूको गतिशीलताका साथ कौशल विकासको महत्त्वलाई पनि मान्यता दिए ।

यस सन्दर्भमा दुवै नेताले द्विपक्षीय आप्रवासन र गतिशीलता सम्झौताको सञ्चालनलाई स्वागत गरे । यसले त्यस्ता आदानप्रदानलाई सहज बनाउन संस्थागत ढाँचा प्रदान गर्दछ भने अनियमित आप्रवासनविरूद्ध लड्छ ।

विशेषगरी प्रधानमन्त्री मोदीले द्विपक्षीय सहयोगलाई सुदृढ पारी भारत र अस्ट्रियाबीचको सहकार्यका लागि नयाँ मार्गहरू खोज्न संघीय राष्ट्रपति अलेक्जान्डर भ्यान डेर बेलेन र चान्सलर नेहम्मरलगायत अस्ट्रियाका नेताहरूसँग महत्त्वपूर्ण बैठक गरे । यसै सन्दर्भमा प्रधानमन्त्री मोदीले दुवै देशका व्यापारिक नेताहरूसँगको अन्तरक्रियालाई पनि प्रकाश पारे ।

प्रधानमन्त्री मोदी एक दिनको राजकीय भ्रमणका लागि जुन ९ को साँझ भियना पुगेका थिए । यसअघि उनी मस्कोको दुई दिने आधिकारिक भ्रमणमा थिए । मस्कोमा उनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई भेटेका थिए । *रासस⁄एएनआई*

# बैंक अफ कोरियाको १२औं पटक ब्याजदर फ्रिज




**सियोल–** दक्षिण कोरियाको केन्द्रीय बैंकले बिहीबार १२औं सत्रका लागि ३.५ प्रतिशतमा ब्याजदर फ्रिज गरेको छ । अप्रिल २०२२ देखि जनवरी २०२३ सम्म लगातार सात पटक दर वृद्धि गरेपछि गत वर्षको फेब्रुअरीदेखि बैंक अफ कोरिया (बिओके) ले दर स्थिर राखेको छ ।

एसियाको चौथो ठूलो अर्थतन्त्रमा विस्तारित प्रतिबन्धात्मक मोड र मुद्रास्फीति दबाबको बावजुद घरेलु ऋण उच्च चलिरहेको कारण दर फ्रिज समाचार एजेन्सीले जनाएको छ । देशको अर्थव्यवस्था यस वर्ष बलियो निर्यातको पछाडि अपेक्षाभन्दा छिटो बढ्ने अपेक्षा गरिएकोसमेत दक्षिण कोरियाको (योनहाप) समाचार एजेन्सीले उल्लेख गरेको छ ।

दक्षिण कोरियामा बैंकहरूले विस्तार गरेको घरेलु ऋण जुनमा लगातार तेस्रो महिनामा बढेको छ, धितो ऋणमा वृद्धिको कारण, केन्द्रीय बैंकलाई दर घटाउनमा सतर्क रहन्छ । उपभोक्ता मूल्यहरू वर्षमा २.४ प्रतिशतले बढेको छ, जुन जुलाई २०२३ पछि सबैभन्दा कम स्तर हो ।

केन्द्रीय बैंकले मुद्रास्फीति अझै तल झर्ने अपेक्षा गरेको छ, भने यस वर्षको अन्त्यसम्ममा यसको मध्यदेखि लामो दूरीको लक्ष्य दर दुई प्रतिशतमा पुग्ने छ । केन्द्रीय बैंकले यस वर्षका लागि आफ्नो वृद्धिको अनुमान बढाएपछि पनि दर स्थिर राखेको हो । *रासस⁄क्युएनए*

# फिलिपिन्समा सडक दुर्घटना, ११ जनाको मृत्यु

**मनिला–** उत्तरी फिलिपिन्समा बिहीबार यात्रुवाहक बससँग पिक-अप ट्रक ठक्कर हुँदा घर फर्कने क्रममा ट्रकमा सवार एकै परिवारका ११ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । कागायन प्रान्तको अबुलुग नगरपालिकाको चौराहामा यो दुर्घटना भएको हो । प्रमुख राजमार्गको छेउमा १४ जना सवार टोयोटा हिलक्स बससँग ठोक्किएको प्रहरीले जनाएको छ ।

'पिकअपमा सवार रहेकामध्ये तीन जनामात्रै जीवित हुनुहुन्छ,' प्रहरी मेजर एन्टोनियो पालाटाओले भने । यात्रुवाहक बसका चालक र सहचालकलाई गम्भीर र अन्य २३ जनालाई सामान्य चोट लागेको उनले बताए । 'टोयोटा हिलक्सका चालक त्यस क्षेत्रसँग ज्ञात नभएकाले राजमार्ग पुगिसकेको थाहा पाउनुभएन । राजमार्गमा स्वाभाविकरूपमा गति नियन्त्रण गर्नुपर्ने हुन्छ,' प्रहरी क्याप्टेन जुन-जुन तोरियोले भने । रासस⁄एएफपी

# भारतमा वर्षाजन्य घटनामा २२ जनाको मृत्यु

**नयाँदिल्ली–** उत्तरी भारतीय राज्य उत्तर प्रदेशमा पछिल्लो २४ घन्टामा वर्षासँग सम्बन्धित घटनामा कम्तीमा २२ जनाको मृत्यु भएको अधिकारीहरूले बिहीबार बताएका छन् । राहत विभागका अधिकारीहरूका अनुसार अविरल वर्षाले नदीहरूको जलस्तर बढाउँदा राज्यका १२ जिल्लाका ६०० भन्दा बढी गाउँ जलमग्न भएका छन् । बाढीले एक हजार एकडभन्दा बढी कृषि भूमि डुबानमा परेको छ भने आठ लाखभन्दा बढी मानिस प्रभावित भएका छन् । *रासस⁄सिन्ह्वा*

# इन्डोनेसियाका पूर्वमन्त्रीलाई १० वर्षको जेल सजाय

**जकार्ता (इन्डोनेसिया)–** इन्डोनेसियाका पूर्वकृषिमन्त्रीलाई सार्वजनिक कोषको नौ लाख डलर भन्दा बढीको दुरूपयोग गरेको आरोपमा बिहीबार १० वर्षको जेल सजाय सुनाइएको छ । स्याहरूल यासिन लिम्पोलाई उनको मन्त्रालयको अधिकारीहरूलाई राज्यको खजानाबाट पैसा पठाउन आदेश दिएकोमा जकार्ता अदालतले दोषी ठहर गरेको थियो, जसमध्ये केही उनको व्यक्तिगत खर्चका लागि प्रयोग गरिएको थिए ।

प्रतिवादी कानुनीरूपमा भ्रष्टाचारको आपराधिक कार्य गरेकोमा दोषी साबित भएको पीठासीन न्यायाधीश रिएन्टो एडम पोन्टोहले जनाए । न्यायाधीशहरूले उनले आफ्नी श्रीमतीका लागि गहना र सौन्दर्य उपचारसहित व्यक्तिगत खर्चमा नौ लाख डलरभन्दा बढी खर्च गरेको पत्ता लगाएका थिए ।

इन्डोनेसियाका धेरैजनालाई पहिलो नामले जाने स्याहरूललाई रकम फिर्ता गर्न वा अदालतले उनको सम्पत्ति जफत गर्न आदेश दिएको थियो । न्यायाधीशहरूले ६९ वर्षीय वृद्धलाई १९ हजार डलर जरिवाना तिर्न वा चार महिनाको अतिरिक्त जेल सजायको सामना गर्न आदेश दिए । अभियोजनकर्ताहरूले १२ वर्षको सजाय र ३१ हजार डलर जरिवाना माग गरेका थिए । अदालतले बिहीबार स्यहरूलको मुद्दामा कृषि मन्त्रालयका दुई पूर्वउच्च पदस्थ अधिकारीलाई चार वर्षको जेल सजाय पनि सुनाएको छ ।

प्रतिवादीहरूसँग अपिल सुरु गर्न सात दिनको समय छ । इन्डोनेसियाले हालका वर्षहरूमा भ्रष्टाचारको आरोपमा धेरै सरकारी अधिकारीहरूलाई पक्राउ गरेको छ ।

नोभेम्बरमा, इन्डोनेसियाका पूर्वसञ्चारमन्त्रीलाई भ्रष्टाचारको आरोपमा दोषी ठहरिएपछि १५ वर्षको जेल सजाय भएको थियो । जसले देशलाई ५० करोड डलरभन्दा बढी नोक्सान पुऱ्याएका थिए ।

सन् २०२१ मा, एक पूर्वसामाजिक मामिलामन्त्रीलाई कोरोना भाइरस महामारीबाट पीडित गरिब परिवारहरूको लागि खाद्य सहायतासँग सम्बन्धित १.२ मिलियन डलर घुस लिएको अभियोगमा १२ वर्षको जेल सजाय सुनाइएको थियो । *रासस⁄एएफपी*


**Invitation for Bids**
**Sundarharaincha Municipality**
**Office of Municipal Executive**
**Biratchowk, Morang, Koshi Province, Nepal**

**Invitation for Electronic Bids**

**Procurement of Works**
**Date of publication: 2081/03/28**

1. The Sundarharaincha Municipality, Office of Municipal Executive invites electronic bids from eligible bidders for the procurement as stated in table below under **SQ** bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Sundarharaincha Municipality, Biratchowk, Morang, Koshi Province, Nepal or may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document Fee in the following bank.
   **Name of the Bank: Agricultural Development Bank**
   **Name of the Office: Sundarharaincha Municipality, Ga3.1 Local Level Depo**
   **Office Account No.: 0601501147630146**
4. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at the office of Sundarharaincha Municipality, Biratchowk, Morang. Bids must be valid for a period of **45 Days For SQ.**counting from the day of bid opening amounting to a minimum of as stated in table below, which shall be valid for minimum **30 days** beyond the bid validity period. For Cash Deposit Bank details:
   **Name of the Bank: Agricultural Development Bank**
   **Name of the Office: Sundarharaincha Municipality**
   **Office Account No.: 0601501147630030**
5. If the Bid opening day falls on a government holiday, then the bid will be opened on the next working day.
6. Any change or amendment on notice or bid document will be published on e-GP system: www.bolpatra.gov.np/egp or office website: www.sundarharaichamun.gov.np or office notice board.
7. The Purchaser reserves right to accept or reject, wholly or partially any or all bids without assigning any reason, whatsoever. For further enquiry contact: 9852066111, 9852032607.

| S. N. | IFB No./ Contract ID No. | Name of Project Work | Estimated Amount Nrs. (without VAT) | Bid Document Fee (Nrs.) | Bid Security Amount (Nrs.) | Last Bid Submission Date | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SHM/MOR/SQ/W-55/2080/081 | Ward 6 Administrative Office Building, and Ward 5 and 6 Health Post Building Maintenance Works | 1241267.62 | 1000 | 35000 | 2081/04/13 12:00PM | 2081/04/13 01:00PM | SQ |

**Chief Administrative Officer**



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्खुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८⁄९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४४९०० | प्रति तोला - १४४२०० | प्रति तोला - १८८५ |

## ६० अर्ब भुक्तानी नहुँदा निर्माण व्यवसायी मर्कामा




■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष समाप्त हुन चार दिन बाँकी रहँदा आफूहरूले राज्यबाट रु ६० अर्ब भुक्तानी लिन बाँकी रहेको बताएका छन् ।

नेपाल निर्माण व्यवसायी महासङ्घले यहाँ पत्रकार सम्मेलन गरेर उक्त जानकारी दिँदै भुक्तानीको अविलम्ब व्यवस्था गर्न सरकारसँग माग गरेको छ ।

महासङ्घका अध्यक्ष रवि सिंहले निर्माण व्यवसायीहरूको अर्बौं रकम भुक्तानी नहुँदा 'आपूर्ति चक्र' नै अस्तव्यस्त भई निर्माणसँग सम्बन्धित उद्योगहरू नै बन्द हुने स्थिति उत्पन्न भएको बताए । 'बैंकको किस्ता र अन्य कर तिर्न नसकी हजारौं व्यवसायी मात्र प्रताडित भएका छैनन्, उनीहरूमा आश्रित उद्योग तथा परिवारमा मनोवैज्ञानिक दबाब परेको छ,' अध्यक्ष सिंहले भने ।

आर्थिक वर्षको अन्त्यमा स्रोत सुनिश्चिता नभई ठेक्का लगाएकाले रकमान्तर गर्न नसकिने जनाउ अर्थ मन्त्रालयले दिएका कारण हजारौं व्यवसायी प्रभावित भएका उनले बताए ।

यही २०८१ असार मसान्तसम्ममा सबै रकम भुक्तानी नदिए बाध्य भएर आन्दोलन गर्नुको कुनै विकल्प नभएको उनले बताए । विभिन्न जिल्लाका आफ्ना सहकर्मी आन्दोलनमा उत्रिएका जानकारी दिँदै उनले त्यस्तो परिस्थिति ननिम्तियोस् भन्नेमा आफूहरू रहेको अध्यक्ष सिंहले बताए ।

## विदेशी मुद्रा सटही सुविधाको सीमा बढाउन माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरोकारवालाहरूले होटललाई विदेशी मुद्रा सटही सुविधामा लगाइएको सीमा बढाउनुपर्ने, होटललाई उद्योग सरहको मान्यता दिनुपर्ने तथा कर्जाको पुनःसंरचना तथा पुनःतालिकीकरण गर्नुपर्ने माग गरेका छन् । राजधानीमा आयोजित अन्तरक्रियामा होटल सङ्घ नेपालअन्तर्गतको पाँच तारे उपसमितिका संयोजक शशिकान्त अग्रवालले होटलले प्राप्त गरेको विदेशी मुद्रा सहटी सुविधामा सीमा तोक्न नहुनेमा जोड दिए ।

'हामीले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी समक्ष माग राखिसकेका छौँ, हाल प्रतिपर्यटक प्रतिदिन तीन सय अमेरिकी डलर सहटीको सुविधा रहेकोमा त्यसलाई दुई हजार डलर बनाउनु आवश्यक छ', संयोजक अग्रवालले भने । उनले हालको तीन सय डलर सटहीको सुविधा 'हाइ इन्ड' पर्यटकका लागि पर्याप्त नहुने उल्लेख गरे ।

उनले पर्यटन क्षेत्रलाई पनि उद्योग सरहको मान्यता दिन ढिलाइ गर्न नहुने बताए । 'पर्यटन क्षेत्रलाई उद्योगको मान्यता दिने प्रक्रिया अर्थमन्त्रालयमा पुगेर अड्किएको छ, उक्त प्रक्रिया तुरुन्त अगाडि बढाउनुपर्छ', उनले भने । पर्यटन क्षेत्रले उद्योगको मान्यता प्राप्त गरेमा विद्युत् महसुल र बैंकको कर्जाको ब्याजदर सहुलियत दरमा उपलब्ध हुने उनले उल्लेख गरे । 'अहिले हामीले घरायसी शुल्क सरह विद्युत् महसुल बुझाइरहेका छौँ', उनले भने, 'उद्योगको मान्यता पाए कम शुल्क बुझाए पुग्छ ।'

संयोजक अग्रवालले भैरहवा र पोखरास्थित अन्तर्राष्ट्रिय विमानस्थल चाँडोभन्दा चाँडो प्रभावकारीरूपमा सञ्चालन गर्नुपर्ने, विमानस्थलमा 'ड्युटी फ्री' पसल राख्नुपर्ने र पर्यटकीय गन्तव्यसम्म पुग्ने सडक निर्माण, मर्मत तथा स्तरोन्नतिलाई प्राथमिकता राख्नुपर्ने आवश्यक रहेको बताए । त्यसअवसरमा हानका प्रथम उपाध्यक्ष प्रवीण पाण्डेले खर्चालु पर्यटकलाई खर्च गर्ने वातावरणमा कानुन बाधक भएको दाबी गरे । उनले सार्क मुलुकका पर्यटकको सफ्या बढाउन भारतीय पाँच सयका नोट प्रचलनमा ल्याउनुपर्ने तथा श्रीलङ्का र बङ्गलादेशी पर्यटकले उनीहरूकै मुद्रामा भुक्तानी गर्न पाउनुपर्ने व्यवस्थाका लागि सहजीकरण गर्नुपर्नेमा जोड दिए ।

'अहिले भारतीय पर्यटकलाई बढीमा २५ हजार भारु ल्याउन पाउने नियम छ, त्यसमा पनि पाँच सय दरका नोट नेपालमा प्रचलन छैन', उनले भने, 'सरकारले नेपाल भित्रिने भारतीय पर्यटकलाई बोक्न पाउने मुद्राको सीमा दुई लाख बनाउनुपर्छ ।'

उनले बैंक तथा वित्तीय संस्थाले पर्यटन व्यवसायलाई विशेष प्राथमिकतामा राखेर प्रदान गरिने कर्जाको आधार दरमा एक प्रतिशतभन्दा प्रिमियम नबढ्ने गरी ब्याजदर कायम गर्दै प्रोत्साहन नीति लिनु आवश्यक रहेको उल्लेख गरे । उनले विद्युतीय सवारी, विद्युतीय चुल्हो प्रयोग गर्ने होटललाई हरित ऊर्जा कोष स्थापना गरी सहुलियत दिनुपर्नेमा जोड दिए ।

हानका द्वितीय उपाध्यक्ष दिनेश तुलाधरले कोरोना महामारी सकिएको तीन वर्ष पुगे पनि होटल क्षेत्रमा यसको असर अझै रहेकाले राष्ट्र बैंकले आगामी आवको मौद्रिक नीतिमार्फत समस्या सम्बोधन गर्नुपर्ने माग गरे । 'कोरोना महामारीको असर अझै रहेकाले होटललाई नियमित किस्ता र ब्याज भुक्तानीमा समस्या छ । वित्तीय अवस्थाअनुसार विशेष व्यवस्था गरी व्यवहारिक रूपमा बैंक तथा ऋणीहरूलाई सहज हुने गरी लगानीको अनुपातमा कर्जाको साँवा व्याज भुक्तानी गर्न पाउने व्यवस्था हुनुपर्छ', उनले भने, 'होटलको लगानीको आकार हेरी साँवा र ब्याज भुक्तानीको समयावधि तीन वर्ष गरिनु उपयुक्त हुन्छ ।'

उनले कर्जाको पुनःसरचना तथा पुनःतालिकीकरण गर्दा कर्जा र पुँजीको अनुपात तोकेको अवस्थाभन्दा कम हुन गएमा समयावधि बढाई कम्तीमा पनि तीन वर्षभित्र सो अनुपात पूरा गर्ने सर्तमा कर्जा पुनःसंरचना तथा पुनःतालिकीकरण आवश्यक रहेको बताए । उनले भारतीय पर्यटकलाई फोन पे जस्ता विद्युतीय भुक्तानी कार्यान्वयनमा ल्याई सहजीकरण गरिनुपर्नेमा जोड दिए । क्रेडिट कार्डमा लाग्ने तीन प्रतिशत कमिसन बढी भएकाले यसलाई घटाउन उनले माग गरे । कतिपय क्रेडिटकार्ड नेपालमा नचल्ने हुँदा भारतीय समकक्षीसँग समन्वय आवश्यक रहेको उनको भनाइ थियो ।

## अर्थ मन्त्रालयसँग सहकारी छानबिन समितिको छलफल

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभा, सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिले संसद्ले दिएको कार्यादेशअनुसार आज अर्थमन्त्रालय, आन्तरिक राजस्व विभाग, भन्सार विभाग, राजस्व न्यायाधीकरणलगायतसँग छलफल गरेको छ ।

छलफलका क्रममा ती निकायका अधिकारीले सहकारी सिद्धान्तका आधारमा नचल्दा समस्या आएको, चिनजान भएकासँग सहकारीका सञ्चालकले लेनदेन गर्ने गरेको, स्वनियमन भनिए पनि हुन नसकेको, बचत तथा ऋण सहकारीमा स्रोत नखुलेको करोडौं रूपैयाँ अपारदर्शी रूपमा राखिएको, ऐन, नियमका प्रावधान पालना नभएका कारण सहकारीमा समस्या आएको बताएको समिति सदस्य ईश्वरी न्यौपानेले जानकारी दिइन् । समितिले सरोकार भएका निकायसँग कागजात मगाएर, ती निकायका अधिकारीको भनाइ सुन्ने, बुझ्नेगरी अध्ययन गरिरहेको सचिव बबिता मिश्रले जानकारी दिइन् । छलफलको क्रम निरन्तर रहेको समितिले जनाएको छ । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको लामो विरोधपछि संसद्बाट एक महिनाअघि समस्या देखिएका सहकारीका विषयमा अध्ययन गर्न समिति गठन भएको थियो ।

## ग्लोबल आइएमईको निक्षेप ५ खर्ब नाघ्यो

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंकको निक्षेप ५ खर्ब रूपैयाँ नाघेको छ । बुधबार बैंकको निक्षेप ५ खर्ब १ अर्ब रूपैयाँ पुगेको हो । यसले ग्लोबल आइएमई बैंकको नेतृत्व, व्यवस्थापन, ब्राण्ड, वित्तीय अवस्था र सेवाप्रति आम ग्राहकवर्गको विश्वासलाई उजागर गरेको छ ।

नेपाल राष्ट्र बैंकले गत हप्ता प्रकाशित गरेको विवरणअनुसार वाणिज्य बैंकहरूको कुल निक्षेप ५६ खर्ब ७४ अर्ब रूपैयाँ रहेको छ । बढ्दो वित्तीय समावेशीकरण, आर्थिक गतिविधि र विप्रेषण प्रवाहका कारण बैंकहरूमा निक्षेप बढेको हो । ग्लोबल आइएमई बैंक निक्षेपका साथसाथै धेरै सूचकहरूमा अन्य बैंक तथा वित्तीय संस्थाहरूभन्दा अगाडि रहेको छ । वाणिज्य बैंकहरूको कुल निक्षेपसँग तुलना गर्दा ग्लोबल आइएमई बैंकको निक्षेप तर्फको बजार हिस्सा ८.८३ प्रतिशत हाराहारी रहेको छ ।

ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यले ग्राहकहरू र सरोकारवालाहरूप्रति कृतज्ञता व्यक्त गर्दै ग्लोबल आइएमई बैंकको ५०० अर्ब रूपैयाँ भन्दा बढि निक्षेप हुने विषय यस बैंकको मात्र सफलताको प्रतिबिम्ब नभई, नेपालको बैंकिङ क्षेत्रको बढ्दो विस्तार र गतिशीलताको संकेत रहेको बताए ।

'निक्षेप रकम ५०० अर्ब रूपैयाँ पुग्नु हाम्रो लागि एक उल्लेखनीय उपलब्धि हो । यो उपलब्धि हामीले उत्कृष्ट बैंकिङ सेवाहरू प्रदान गर्दै हाम्रा ग्राहकहरूसँग सुमधुर सम्बन्ध स्थापना गर्न सफल रहेको प्रमाण हो । यसले हामीलाई भविष्यमा बैंकिङ्ग क्षेत्रमा थप नयाँनयाँ प्रविधिहरू भित्र्याउँदै सबैका लागि उत्कृष्ट र विश्वासनीय बैंकिङ्ग सेवाहरू प्रदान गर्न थप प्रेरणा दिनेछ,' उनले भने, 'हामीले यो उपलब्धीलाई हाम्रो बैंकको मात्र नभई समग्र नेपाली बैंकिङ्ग क्षेत्रको उपलब्धीको रूपमा लिएका छौं ।'

ग्लोबल आइएमई बैंक मुलुकका ७७ जिल्लामा शाखा सञ्जाल भएको निजी क्षेत्रको पहिलो बैंक हो । बैंकका १,१०० भन्दा बढी सेवा केन्द्रहरू, जसमा ३५४ शाखा कार्यालय, ३८४ एटीएम, २७७ शाखारहित बैंकिङ सेवाहरू, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टरहरू ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयहरू रहेका छन् ।

**सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा हार्दिक अनुरोध**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई आव ०८०/०८१ को बक्यौता रकम २०८१ असार मसान्तभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरु सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने कामना व्यक्त गर्दछौं ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल
फोनः ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

**विज्ञापन दर/रेट सम्बन्धी सूचना**

**प्रभाव** राष्ट्रिय दैनिकमा आर्थिक वर्ष २०८१/०८२ मा प्रकाशन हुने विज्ञपनको दररेट २०८१ साउन १ देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**ज्याकेट विज्ञापन रू. १५,००,०००/-**

**विज्ञापन दर/रेट**

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | रु.२४००/- | रु.२२००/- |
| भित्री पृष्ठ | रु.१६००/- | रु.१४००/- |
| अन्तिम पृष्ठ | रु.२०००/- | रु.१८००/- |

**वर्गीकृत डिस्प्ले**

| विवरण | रंगीन | श्यामश्वेत |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु.३,०००/- | रु.१५००/- |
| प्रतिशब्द | रु.३०/- | रु.२५/- |

*नोट : उपरोक्त दररेटमा नेपाल सरकारको कर समावेश गरिएको छैन ।*

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
फोन नं.०१-४३७३५७७, ४५८४३६८
E-mail : marketing2prabhab@gmail.com
website: www.prabhabonline.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन पा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागि::arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ